# सिद्धकुमाख गाउँपालिका

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण

आ.व. २०८१/८२ को प्रतिवेदन




**<u>प्रतिवेदन पेश गरिएको निकायः</u>**

सिद्धकुमाख गाउँकार्यपालिकाको कार्यालय

ढोरचौर, सल्यान, कर्णाली प्रदेश नेपाल

वैशाख २०८३



## अध्यक्षको भनाइ

नेपालको संविधानले व्यवस्था गरेको राज्य पुनःसंरचना अनुसार सल्यान जिल्लाको पश्चिम भागमा अवस्थित सिद्ध कुमाख गाउँपालिका साविकका सिद्धेश्वरी, वाँझकाडाँ र चाँदकरेञ्जी गाविसलाई समेटेर स्थापना गरिएको हो । यो गाउँपालिका ५ वटा वडामा विभाजन गरिएको छ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई जिम्मेवारी, अधिकार र कर्तव्य दिएको छ । तर सुरुका केही वर्षहरू स्थानीय तह नीतिगत र कानुनी अन्योलतामा गुज्रिनुपऱ्यो । स्रोत, साधन र जनशक्तिको उचित उपयोग गर्न पनि कठिनाइ भयो । तर पछिल्ला वर्षहरूमा ती समस्याबाट सिक्दै स्थानीय तहहरू सुधारतर्फ अघि बढिरहेका छन् ।

नेपालको संविधानको प्रस्तावनाले लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने लक्ष्य राखेको छ । नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, राज्यका सबै तहमा सहभागिता, सम्पत्ति र पारिवारिक अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । त्यसैगरी, संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसालाई कानुनअनुसार दण्डनीय हुने व्यवस्था गरेको छ । । नेपालको संविधानको धारा १८ मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कुनै पनि आधारमा भेदभाव गर्न नपाइने उल्लेख छ । यी व्यवस्थालाई कार्यान्वयन गर्न गाउँपालिकाले सामाजिक समावेशीकरण र लैङ्गिक समानताका कार्यक्रमहरू सञ्चालन गरेको छ । सोही अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (लैससास) को अवस्था अध्ययन गर्न यो प्रतिवेदन तयार गरिएको हो ।

लैङगिक समानता तथा समावेशीकरण परिक्षण प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने सिद्ध कुमाख गाउँपालिका गाउँ कार्यपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा, महिला तथा बालबालिका शाखा र अन्य सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद । साथै, प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने स्थानीय शासन विज्ञ तथा लैससास परिक्षणका सहजकर्ता श्री विशाल आचार्य र रामचन्द्र रेग्मीलाई पनि विशेष धन्यवाद व्यक्त गर्दछौं ।

भरत गिरी
अध्यक्ष



## उपाध्यक्षको भनाइ

स्थानीय तह सङ्घीय राज्य प्रणालीको आधारभूत तह हो । नेपालको संविधानले व्यवस्था गरेको राज्य पुनःसंरचनाको मर्मअनुसार गठन भएका ७५३ वटा स्थानीय तहहरूमध्ये सिद्ध कुमाख गाउँकार्यपालिकाको कार्यालय कर्णाली प्रदेशको सल्यान जिल्लामा अवस्थित छ । यस गाउँपालिकाले साविकका सिद्धेश्वरी, वाँझकाडाँ र चाँदेकरेञ्जी गाविसहरूलाई समेटेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई विभिन्न काम, कर्तव्य र अधिकार प्रदान गरेको छ । ती अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक ऐन, भौतिक संरचना, कानुन निर्माण तथा मानव संसाधनको महत्वपूर्ण भूमिका हुन्छ । हाम्रो गाउँपालिकाले नागरिकलाई सार्वजनिक सेवा प्रवाह गर्ने क्रममा विगतमा जनशक्तिको प्राप्ति, विकास र उपयोगमा धैरै चुनौतीहरूको सामना गर्नुपरेको थियो ।

नेपालको संविधानको प्रस्तावनाले लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने व्यवस्था गरेको छ । संविधानको धारा २४ मा छुवाछूत तथा जातीय भेदभावलाई निषेध गर्दै यसलाई दण्डनीय अपराधका रूपमा परिभाषित गरिएको छ। त्यस्तै, धारा ४० ले दलित समुदायको हक सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी, आवास तथा सामाजिक सुरक्षामा विशेष अधिकार र राज्यबाट सकारात्मक विभेदको व्यवस्था गरेको छ। अपाङ्गता भएका व्यक्तिहरूका लागि संविधानको धारा ४२ ले सामाजिक न्यायको हक अन्तर्गत समावेशी सिद्धान्तका आधारमा राज्यका सबै संरचनामा समान सहभागिता, पहुँचयुक्त वातावरण, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा विशेष अवसरको व्यवस्था गरेको छ ।

यी व्यवस्थाहरू कार्यान्वयन गर्न गाउँपालिकाले सामाजिक समावेशीकरणका क्षेत्रमा सुधार गर्दै विभिन्न लैङ्गिक मैत्री कार्यक्रमहरू सञ्चालन गरेको छ । सोही क्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को अवस्था अध्ययन गर्न यो प्रतिवेदन तयार गरिएको हो । यो अध्ययन प्रतिवेदन सम्पन्न गर्न सहयोग गर्नुहुने लैससास परिक्षक श्री विशाल आचार्य र रामचन्द्र रेग्मीलाई पनि विशेष धन्यवाद व्यक्त गर्दछौं । यो प्रतिवेदनलाई मूर्त रूप दिन सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

राम बहादुर बस्नेत
उपाध्यक्ष



## प्रमुख प्रशासकीय अधिकृतको भनाइ

राज्य शक्तिको शासकीय प्रयोगमा शासनको विकेन्द्रीकरण र नागरिकको पहुँचलाई ध्यानमा राख्दै नेपालको संविधान, २०७२ अनुसार नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागू गरिएको हो । यसै व्यवस्था अनुसार सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सङ्घीय संरचना निर्माण गरिएको छ । सोही क्रममा वि.सं. २०७३ सालमा गठन भएका ७५३ वटा स्थानीय सरकारमध्ये सल्यान जिल्लामा सिद्ध कुमाख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय स्थापना भएको हो । शासनका मुख्य आधारहरू सरकार, नागरिक, कानुन, स्रोत, भूगोल र संरचना हुन् । यीमध्ये संरचना पनि महत्वपूर्ण आधार हो, जसले प्रशासन, सङ्गठन र व्यवस्थापनलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सहयोग गर्दछ ।

नेपालको संविधानको प्रस्तावनाले लैङ्गिक विभेदको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने उद्देश्य राखेको छ । नेपालको संविधानले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीतालाई मुख्या ध्यानमा राखी नागरीकको अधिकारलाई सुनिश्चित गरेको छ । नागरीकलाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै निकायमा सहभागिताको अधिकार, सम्पत्ति तथा पारिवारिक मामिलासम्बन्धी अधिकार र शिक्षा, स्वास्थ्य, रोजगार तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । नेपालको संविधानले दलित, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक रूपमा पछाडि परेका समुदायहरूको अधिकार संरक्षण र सामाजिक न्यायका लागि विशेष व्यवस्था गरेको छ । संविधानको धारा २४ ले छुवाछूत तथा जातीय भेदभावलाई निषेध गर्दै यसलाई दण्डनीय अपराधका रूपमा उल्लेख गरेको छ। धारा ४० ले दलित र अपाङ्गता भएका व्यक्तिहरूका लागि संविधानको धारा ४२ ले सामाजिक न्यायको हक अन्तर्गत समावेशी सिद्धान्तका आधारमा राज्यका सबै संरचनामा समान सहभागिता, पहुँचयुक्त वातावरण, शिक्षा, स्वास्थ्य र रोजगारीका अवसर सुनिश्चित गरेको छ । संविधानको धारा १८ ले सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कुनै पनि आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ ।

यस संवैधानिक व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्न सिद्ध कुमाख गाउँपालिकाले सामाजिक समावेशीकरणलाई प्राथमिकतामा राख्दै विभिन्न लैङ्गिकमैत्री, अपाङ्गता भएका व्यक्तिमैत्री तथा समावेशी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को वर्तमान अवस्था पहिचान गरी सुधारका क्षेत्रहरू निर्धारण गर्नका लागि यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन तयार गरिएको हो । यस प्रतिवेदन तयार गर्ने क्रममा सहयोग गर्नुहुने सिद्ध कुमाख गाउँपालिका गाउँ कार्यपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरू तथा कर्मचारी मित्रहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन तयार गर्ने कार्यमा योगदान प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

......................

अर्जुन जंग शाह

प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची

भाग १………………………………………………………………………………..७

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अबधारणा……………………………………७

१.१.पृष्ठभुमि…………………..…………………………………………………………७

१.२. गाउँपालिकाको संक्षिप्त परिचय…………………….……………………….…………………..८

१.३. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको महत्व……………………...११

१.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको आवश्यकता तथा औचित्य……..………...११

१.५. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका उदेश्यहरु…..…………………….……१२

भाग २…………………………………………………….……………………………………१३

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको विधि………………………………………१३

२.१. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण : सैद्धान्तिक मान्यता…………….१३

२.२. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणका क्षेत्रहरु र तहहरु…………..… १३

२.३. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको विधि प्रक्रिया तथा तरीका……………….१७

२.४. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणमा संलग्न हुने सहभागिहरु……… .१७

२.५. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण सूचकहरु र सोको अंकभार…………………१७

भाग ३……………………………………………………………………………………२१

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणवाट आएको उपलब्धी…..……………………… २१

३.१. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणको मूख्य उपलब्धीहरु……………२१

३.२. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त अंकभार……………… २२

३.३. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अंकभारको आधारमा माकुरी जाला, बार चार्टमा चित्रहरु……………………………………………………………………………….. २४

३.४. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतीहरु…२६

३.५.लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण कार्ययोजना…..……………………३१

भाग ४……………………………………………………………………………………३७

४. निष्कर्ष तथा सुझाव……………………..………………………………………..…………  ३७

५. समग्र अवलोकन तथा प्रमुख सन्देश……………………..……………………..………… ३८

अनुसूची :- १ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सुचकहरु र प्राप्ताङ्कको वास्तविक अवस्था………………………………………………………………………………३९

अनुसूची :- २ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा सहभागीहरुको उपस्थिति……….४७

अनुसूची :- ३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा सहभागीहरुको फोटोहरु………...४९

# भाग:- १

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा

## १.१. पृष्ठभुमि

नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी तथा लोकतान्त्रिक मूल्यमा आधारित समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो। नेपालको संविधानले संघीय लोकतान्त्रिक शासन प्रणाली मार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्ने लक्ष्य राख्दै लैङ्गिक समानता र समावेशी विकासलाई विशेष प्राथमिकता दिएको छ। यसले लैङ्गिक भेदभाव अन्त्य गर्ने स्पष्ट प्रतिबद्धता व्यक्त गर्नुका साथै महिलाको विशेष अधिकार सुनिश्चित गर्दै राज्यका सबै संरचना र तहमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने उद्देश्य राखेको छ। साथै राज्यका सबै अंग, तह र क्षेत्रगत क्रियाकलापमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण) लाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्ने लक्ष्य निर्धारण गरिएको छ।

संविधानमा उल्लेखित मौलिक हकहरू अन्तर्गत धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने अधिकार, धारा १७ ले स्वतन्त्रताको अधिकार, र धारा १८ ले समानताको अधिकार सुनिश्चित गरेको छ। यी प्रावधानहरूले सबै नागरिकलाई कानुनको दृष्टिमा समान व्यवहार तथा समान संरक्षणको प्रत्याभूति दिन्छन्। साथै धर्म, वर्ण, जातजाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य अवस्था, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा, क्षेत्र वा वैचारिक आस्थाका आधारमा कुनै पनि प्रकारको विभेद गर्न नपाइने व्यवस्था गरिएको छ। धारा ३८ ले महिलालाई समान अधिकार, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै तहमा सहभागिता, सम्पत्ति तथा पारिवारिक हक, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। साथै, महिला माथि हुने सबै प्रकारका हिंसात्मक कार्यहरूलाई कानुन बमोजिम दण्डनीय बनाइएको छ।

संविधानले सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपमा पछाडि पारिएका समुदायहरूको संरक्षण, सशक्तीकरण र विकासका लागि विशेष व्यवस्था गर्न सकिने प्रावधान राखेको छ। यसमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, किसान, श्रमिक तथा आर्थिक रूपमा विपन्न वर्गहरू समेटिएका छन्। सामाजिक न्याय सम्बन्धी हकले राज्यका सबै तहमा समानुपातिक र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्दै जनसहभागिता बढाउने व्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण) लाई स्थानीय तहको कार्यक्षेत्रमा समेट्दै यस सम्बन्धी जिम्मेवारी स्पष्ट गरेको छ। वडा तहसम्म आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समूहहरूको तथ्याङ्क संकलन गरी उनीहरूको उत्थानका लागि कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। साथै सामाजिक सद्भाव कायम गर्ने, बालविवाह,

बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दाइजो प्रथा, छाउपडी, कमलरी, बालश्रम तथा मानव बेचबिखनजस्ता कुरीति अन्त्य गर्ने जिम्मेवारी पनि स्थानीय तहलाई दिइएको छ । योजना तर्जुमा र कार्यान्वयनमा महिला, बालबालिका तथा लक्षित समुदायको सहभागिता सुनिश्चित गर्दै उनीहरूलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमलाई प्राथमिकता दिने व्यवस्था गरिएको छ ।

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको लक्ष्य अनुरूप राज्यले दीर्घकालदेखि नै आवधिक योजना, वार्षिक कार्यक्रम तथा नीतिगत सुधारमार्फत यस विषयलाई प्राथमिकतामा राख्दै आएको छ । यसै सन्दर्भमा, स्थानीय तहबाट सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक तथा समावेशीमैत्री बनाउन, संवैधानिक र कानुनी दायित्व पूरा गर्न तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण तथा लेखाजोखा गर्ने व्यवस्था गरिएको छ । यस प्रक्रिया मार्फत आवश्यकताहरू पहिचान गरी कार्ययोजना र बजेट निर्माण गर्ने अभ्यासलाई संस्थागत गरिएको छ ।

यसै अनुरूप, सिद्ध कुमाख गाउँपालिकाले आ.व. २०८१/८२ को लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण तथा मूलप्रवाहीकरण कार्ययोजनाको पुनरावलोकन गर्दै वर्तमान अवस्थाको विस्तृत विश्लेषण गरेको छ । यस क्रममा सबल पक्ष, कमजोरी, अवसर तथा चुनौतीहरूको पहिचान गर्दै आगामी दिनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई प्रभावकारी रूपमा मूलप्रवाहीकरण गर्ने उद्देश्यले मिति २०८३ जेठ २ गते गाउँपालिकामा पदाधिकारी तथा कर्मचारीहरूको सक्रिय सहभागितामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण सम्पन्न गरिएको छ ।

### १.२. गाउँपालिकाको संक्षिप्त परिचय

कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लामा अवस्थित सिद्धकुमाख गाउँपालिका भौगोलिक रूपमा विभिन्न स्थानीय तहहरूसँग सिमाना जोडिएको छ । सिद्ध कुमाख गाउँपालिका नेपालको संबिधान २०७२ को धारा २९५ को उपधारा ९३० बमोजिम गठित गाँउपालिका, नगरपालिका, स्वायत्त, संरक्षित  वा बिशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको ७५३ वटा स्थानीय तह मध्यको एक हो र कर्णाली प्रदेश अन्तर्गतको सल्यान जिल्लामा पर्ने यो सिद्ध कुमाख गाउँपालिका साविकको सिद्धेश्वरी, बाँझकाँडा र चाँदेकरेञ्जी गा.बि.स. मिलेर यो गाउँपालिका बनेको छ । सल्यान जिल्लाको कुल क्षेत्रफल १९५१ बर्ग किलोमिटर मध्ये यस गाउँपालिकाले ८९.३६ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । यस गाउँपालिकामा जम्मा ५ वटा वडामा महिला ६८६९ र पुरूष ६२५८ गरी जम्मा १३,१२७ जनसंख्या रहेको छ । पूर्वमा बागचौर नगरपालिका, दक्षिणमा शारदा नगरपालिका, पश्चिममा बनगाड कुपिण्डे नगरपालिका तथा उत्तरमा कुमाख गाउँपालिकासँग भौगोलिक सिमाना जोडिएको यस गाउँपालिकाको भौगोलिक अवस्थिति २८ डिग्री २४ मिनेट उत्तरी अक्षांश र ८० डिग्री २३ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ । सल्यान जिल्लाको दोस्रो ठुलो पहाड तथा धार्मिक र पर्यटकीय स्थल कुमाख यसै गाउँपालिकामा पर्दछ । समुद्री सतह देखि यस पहाडको उचाइ २५३७ मिटर रहेको छ । साविकका जिमाली, मर्मपरिकाँडा र सिद्धेश्वरी गा.वि.स. हरूलाइ काखमा लिएको यस रमणिय पर्वतको टुप्पामा सिद्ध मन्दिर छ । यस मन्दिरमा प्रत्येक वर्षको विजयादशमी देखि कोजाग्रत पूर्णिमासम्म पूजा हुने गर्दछ । कोजाग्रत पूर्णिमाको

दिन मन्दिरदेखि करिव १ किमि तल समथर भुभागमा सल्यान जिल्लाकै ठुलो मेला लाग्दछ। यहि कुमाख लेक र कुमाख लेकको टुप्पोमा रहेको सिद्ध बाबाको मन्दिरलाइ संयोजन गरेर नै यस गाउँपालिकाको नाम सिद्ध कुमाख राखिएको हो। तथापी नेपाल सरकारले स्थानीय तह घोषणा गर्दा यस गाउँपालिकाको नाम ढोरचौर राखेर घोषणा गरिएको थियो। गाउँपालिकाको दोस्रो गाउँसभाले उक्त नाम सर्वसम्मतले परिवर्तन गरी मिति २०७४ साल पौष २४ गतेको नेपाल राजपत्रमा प्रकाशन गरी सिद्ध कुमाख गाउँपालिका भएको हो। यसै अनुसार सिद्धकुमाख गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सहित सञ्चालनमा रहेको छ। गाउँपालिकाका विभिन्न सूचकहरूको वर्तमान अवस्था तल प्रस्तुत चित्रमा देखाइएको छ।




नक्सानं. २:सिद्धकुमाख गाउँपालिकाको वडा विभाजन गरिएको नक्सा

*श्रोतः प्रोफाइल,*

यस गाउँपालिकामा बि.सं.२०७८ को राष्ट्रिय जनगणना अनुसार सल्यान जिल्लाको सिद्ध कुमाख गाउँपालिकाको कुल जनसंख्या १३,१२७ रहेको छ। जसमा महिलाहरूको संख्या ६,८६९ (५२.३%) र पुरुषहरूको संख्या ६,२५८ (४७.७%) रहेको छ। यस गाउँपालिकाका ५ वटै वडाहरूको वडागत जनसंख्या विवरण तल प्रस्तुत गरिएको छ।

| **वडा** | **समावेश साविक गाविसहरू** | **कुल जनसंख्या** |
|---|---|---|
| **वडा नं. १** | बाँझकाँडा | ३,२९९ |
| **वडा नं. २** | सिद्धेश्वर (१-५) | २,०२९ |
| **वडा नं. ३** | सिद्धेश्वर (६-९) | २,५९४ |
| **वडा नं. ४** | चाँदेकरेञ्जी (१-४) | २,९०३ |
| **वडा नं. ५** | चाँदेकरेञ्जी (५-९) | २,३०२ |

नोट: आधिकारिक तथ्यांकमा कुल योग १३,१२७ देखिन्छ, तर वडागत योगले १३,०२७ देखाउँछ।

*स्रोतराष्ट्रिय जनगणना :, २०७८ (केन्द्रीय तथ्याङ्क विभाग)*

**यस गाउँपालिकामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी समस्याहरु यस प्रकार रहेका छन।**

- स्रोत साधन, अवसर र लाभको वितरणमा केही वर्ग तथा क्षेत्रको समान पहुँच सुनिश्चित हुन नसकेको, साथै लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण विश्लेषणका लागि आवश्यक खण्डीकृत तथ्याङ्कको अभाव रहेको।
- पछाडि परेका लिङ्ग, वर्ग तथा समुदायको आर्थिक र सामाजिक सशक्तीकरणमार्फत रूपान्तरण गर्ने प्रयास अपेक्षित रूपमा प्रभावकारी हुन नसकेको तथा निर्णय प्रक्रियामा सबै वर्ग र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसकेको।
- विभिन्न लक्षित वर्ग, क्षेत्र र समुदायबीच आर्थिक तथा सामाजिक विकासमा उल्लेखनीय असमानता कायम रहेको र गाउँपालिकामा स्वीकृत लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण निती नवनाइएको।
- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति र डेस्कको व्यवस्था नभएको समन्वय, सहकार्य, सञ्चार र अन्तरक्रियामा कमीका कारण कार्यान्वयन प्रभावकारी हुन नसकेको।
- गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेटमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिइए पनि पर्याप्त योजना तथा बजेट विनियोजन हुन नसकेको।

- पछाडि परेका लिङ्ग, वर्ग, समुदाय तथा क्षेत्रलाई लक्षित गर्दै कार्यक्रम तथा बजेट विनियोजन गर्दा प्रायः एकरूप (blanket) दृष्टिकोण अपनाइएको र विद्यमान सामाजिक कुरीति तथा विभेदजन्य व्यवहार न्यूनीकरणका प्रयासहरू पर्याप्त प्रभावकारी हुन नसकेको ।

## १.३. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको महत्व

सिद्धकुमाख गाउँपालिकाले तयार गर्ने आवधिक योजना, वार्षिक योजना, नीति, रणनीति तथा कार्यक्रमलाई लैङ्गिक उत्तरदायी बनाउँदै समावेशी, समानुपातिक तथा दिगो विकास प्रवर्द्धन गर्न यो परीक्षण महत्वपूर्ण मानिन्छ । यसले गाउँपालिकाका विकास अभ्यासहरूमा समेत आवाजहीन, अधिकारविहीन तथा आर्थिक सामाजिक रूपमा पछाडि परेका वर्गहरूको अधिकार सुनिश्चित गर्न योगदान पुऱ्याउँछ । त्यसैगरी, गाउँपालिकाद्वारा निर्माण गरिने ऐन, कानून, नियमावली र कार्यविधिहरूलाई समावेशी दृष्टिकोणमा सुधार गर्न यसले आधार प्रदान गर्दछ । साथै, कार्यक्रम तथा लैङ्गिक उत्तरदायी बजेटमार्फत वञ्चित समूहहरूको सशक्तीकरणमा पनि यसको भूमिका महत्वपूर्ण रहन्छ ।

यो परीक्षणले विद्यमान सबल पक्ष, सुधार गर्नुपर्ने क्षेत्र, समस्या तथा चुनौतीहरूको पहिचान गरी समाधानका उपायहरू निर्धारण गर्न सहयोग गर्दछ । यसले विकास प्रक्रिया मार्फत सामाजिक तथा आर्थिक असमानता न्यूनीकरण गर्न समेत योगदान पुऱ्याउँछ र दिगो विकास लक्ष्य हासिल गर्न उपयोगी उपकरणका रूपमा कार्य गर्दछ । यसबाट प्राप्त निष्कर्षका आधारमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सकेमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रभावकारी रूपमा अघि बढाउन सकिन्छ । परीक्षणका नतिजा आवधिक योजना, वार्षिक योजना तथा नीतिगत सुधारमा समेत उपयोगी हुने भएकाले सिद्धकुमाख गाउँपालिकाले यसलाई महत्वपूर्ण दस्तावेजका रूपमा लिएको छ ।

## १.४. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको आवश्यकता तथा औचित्य

मुलुकमा विद्यमान सबै प्रकारका विभेद तथा उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गर्ने उद्देश्यसहित विविधता बीचको एकता, सामाजिक–सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण तथा प्रवर्द्धन गर्नु आवश्यक छ । साथै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक तथा लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने तथा समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने राष्ट्रिय संकल्पलाई साकार पार्न गाउँपालिकाका संरचना, नीति निर्माण तथा योजना एवं कार्यक्रमहरूलाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणमैत्री बनाउनु अपरिहार्य छ ।

राज्यका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका लागि स्थानीय तहमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न स्पष्ट मार्गदर्शन आवश्यक भएकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले “लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८” तयार गरेको हो । त्यसैगरी, उक्त मन्त्रालयले तयार गरेको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी दिग्दर्शनले

स्थानीय तहमा लैङ्गिक समानताको वर्तमान अवस्थाबारे जानकारी लिन, स्थानीय तथा राष्ट्रिय स्तरमा विद्यमान समस्या र चुनौतीहरूको पहिचान गर्न, तथा गाउँपालिकाका योजना र कार्यक्रमहरूको दक्षता एवं प्रभावकारिताको लेखाजोखा र मूल्याङ्कन गरी नीतिगत पृष्ठपोषण प्रदान गर्ने उद्देश्य राखेको छ।

## १.५. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका उदेश्यहरु

यस गाउँपालिकाले स्थानीय स्तरमा गरिने सम्पुर्ण कृयाकलापहरु र विकास योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धिको समतामूलक वितरण र उपयोगी बनाउन लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षण गर्ने उदेश्य रहेको छ।

- स्थानीय तहका संरचना र कार्यक्रमहरूमा महिला, लक्षित वर्ग तथा सीमान्तकृत समुदायको समावेशी सहभागिता सुनिश्चित गर्दै लैङ्गिक समानता र मूलप्रवाहीकरणलाई सुदृढ गर्ने।
- लक्षित समूहहरूको क्षमता विकास मार्फत उनीहरूको सामाजिक तथा आर्थिक सशक्तीकरण गर्दै स्थानीय विकास प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।
- सबै योजना, कार्यक्रम र आयोजनाहरूमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण दृष्टिकोण समावेश गरी अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्ने।
- परीक्षणबाट प्राप्त निष्कर्षका आधारमा समस्या पहिचान, समाधान कार्यान्वयन तथा नीतिगत सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने।

# भाग २

## लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको विधि

### २.१. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण, सैद्धान्तिक मान्यता

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको लेखाजोखा तथा परीक्षण निम्न सैद्धान्तिक मान्यताका आधारमा गरिएको छ।

१. जवाफदेहिताको सिद्धान्त (Accountability)

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको लेखाजोखा तथा परीक्षणले यस क्षेत्रमा भएका कामहरूको जवाफदेहिता मूल्याङ्कन गर्ने र सुधारका लागि मार्गदर्शन प्रदान गर्ने उद्देश्य राख्दछ।

२. उत्तरदायित्वको सिद्धान्त (Responsibility)

यस परीक्षणले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण कार्यान्वयनमा सम्बन्धित निकायहरूको जिम्मेवारी र उत्तरदायित्वको मूल्याङ्कन गरी सुधारका लागि दिशानिर्देश गर्दछ।

३. लैङ्गिक समताको सिद्धान्त (Gender Equity)

महिला र पुरुषबीच विद्यमान असमानतालाई सम्बोधन गर्दै समतामूलक र सामाजिक न्यायमा आधारित समाज निर्माणमा योगदान पुऱ्याउने उद्देश्य यस सिद्धान्तले राख्दछ। विकासका नीति, योजना तथा संस्थागत संरचनाले महिला र पुरुषमा फरक प्रभाव पार्ने भएकाले उनीहरूको आवश्यकता र क्षमताका आधारमा समताको मूल्याङ्कन र मार्गदर्शन गरिन्छ।

४. समावेशीकरणको सिद्धान्त (Inclusion)

राज्यका विकास तथा प्रशासनिक संरचनामा सबै वर्ग, जातजाति, लिङ्ग, उमेर समूह, भौगोलिक क्षेत्र तथा अपाङ्गता भएका व्यक्तिहरूको न्यायोचित सहभागिता, योगदान र अवसर सुनिश्चित गर्न यस सिद्धान्तले मार्गदर्शन गर्दछ।

५. समविकासको सिद्धान्त (EqualDevelopment)

समाजका सबै वर्ग र समुदायलाई आर्थिक, सामाजिक, राजनीतिक तथा मनोवैज्ञानिक विकासका अवसरमा समान पहुँच सुनिश्चित गर्दै सबै प्रकारका विभेद, असमानता, शोषण र हिंसाबाट मुक्त समतामूलक विकास सुनिश्चित गर्न यो सिद्धान्तले मार्गदर्शन गर्दछ।

### २.२. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणका क्षेत्रहरु र तहहरु

संघीय व्यवस्था कार्यान्वयन पछि लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी "लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८" अनुसार सम्बन्धित कार्यहरू सुरु गरिएको छ। उक्त दिग्दर्शन सबै गाउँपालिका तथा नगरपालिकाले अनिवार्य रूपमा लागू गर्नुपर्ने व्यवस्था गरिएको छ।

विशेषतः लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा निम्न पाँच मुख्य क्षेत्रहरू समेटिने व्यवस्था रहेको छ।

१. नीति, कानुन तथा योजना
२. संस्थागत व्यवस्था
३. मानव संसाधन तथा क्षमता विकास
४. सेवा प्रवाह
५. सुशासन तथा उत्तरदायित्व

उक्त दिग्दर्शन (२०७८) अनुसार लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणलाई तीन चरणमा विभाजन गरी सम्पन्न गर्ने व्यवस्था गरिएको छ। सोही व्यवस्था बमोजिम सिद्धकुमाख गाउँपालिकामा समेत लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण सम्पन्न गरिएको छ।

**१. तयारी चरण**

सिद्धकुमाख गाउँपालिकाले ११ जनाको देहाय बमोजिम लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरिएका छ। उक्त समितिमा सदस्यहरु यस प्रकार छन।

| **क्र.स** | **पदाधिकारीहरु** | **पद** |
|---|---|---|
| १ | अध्यक्ष/प्रमुख | संयोजक |
| २ | उपप्रमुख/उपाध्यक्ष | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४ | सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ५ | कार्यपालिकाका सदस्यहरुमध्येवाट ३ जना | ३ सदस्य |
| ६ | सामुदायिक संघ संस्थाहरुमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेको तीन जना | ३ सदस्य |
| ७ | लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण हेर्ने शाखाका प्रमुख सदस्य सचिव | सदस्य सचिव |

**लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम, कर्तव्य तथा जिम्मेवारी**

- स्थानीय तहमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक नीतिगत निर्देशन, समन्वय तथा सहजीकरण गर्ने।

- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण सम्बन्धी कार्ययोजना, कार्यक्रम तथा प्रतिवेदनको समीक्षा, प्रमाणीकरण र स्वीकृति प्रदान गर्ने तथा परीक्षण प्रक्रियामा सम्बन्धित शाखा, पदाधिकारी र सरोकारवालाबीच समन्वय कायम गर्ने ।
- नीति, योजना, कार्यक्रम तथा बजेटमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण दृष्टिकोण समावेश गरी मूलप्रवाहीकरण गर्न आवश्यक मार्गदर्शन तथा निर्णय गर्ने ।
- परीक्षणबाट पहिचान भएका सबल पक्ष, सुधार गर्नुपर्ने क्षेत्र, अवसर तथा चुनौतीहरूको समीक्षा गरी सुधारात्मक तथा संस्थागत सुदृढीकरणका लागि आवश्यक निर्देशन दिने ।
- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण कार्ययोजना तथा परीक्षण प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गरी पारित गर्ने, कार्यान्वयनको अनुगमन गर्ने तथा गाउँपालिकाको वेबसाइट मार्फत सार्वजनिक गर्ने ।

**२. कार्यान्वयन चरण**

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन पश्चात लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण गर्न ७ जनाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण कार्यान्वयन कार्यदलको गठन गरेको छ । यस कार्यदलका सदस्यहरु यस प्रकार छन ।

| **क्र.स** | **पदाधिकारीहरु** | **नाम, थर** | **पद** |
|---|---|---|---|
| १ | उपाध्यक्ष | राम बहादुर वस्नेत | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत | अर्जुन जंग शाह | सदस्य |
| ३ | शिक्षा शाखा प्रमुख | प्रतिभा वली खड्का | सदस्य |
| ४ | आ प्र शाखा प्रमुख | रविन्द्र वहादुर थापा | सदस्य |
| ५ | प्रशासन शाखा प्रमुख | कमल चन्द | सदस्य |
| ६ | सुचना प्रविधि शाखा प्रमुख | भिमलाल भण्डारी | सदस्य |
| ७ | महिला तथा वालवालिका शाखा प्रमुख | चन्द्रा देवकोटा | सदस्य- सचिव |

**यस कार्यान्वयन समितिको काम कर्तव्य तथा जिम्मेवारी**

- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको बैठकमा सहभागी भई छलफल भएका विषयवस्तुको जानकारी

- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्ययोजना विस्तृत रूपमा तयार गरी समिति समक्ष छलफल गराई स्वीकृत गराउने तथा सम्बन्धित पदाधिकारी र शाखालाई जानकारी गराउने।
- स्थानीय तहका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत तथा सरोकारवालाहरूसँग समन्वय गरी परीक्षण कार्यलाई प्रभावकारी बनाउने।
- परीक्षणका लागि आवश्यक व्यवस्थापन गर्ने तथा सहजकर्ता वा स्रोत व्यक्तिको नियुक्ति र परिचालन गर्ने।
- सन्दर्भ सामग्री तथा सूचकहरूको अध्ययन गरी प्राथमिक र अन्य स्रोतहरूको पहिचान गर्दै आवश्यक सूचना संकलन गर्ने।
- सूचना संकलनका उपयुक्त विधि निर्धारण गरी सोही अनुसार तथ्याङ्क संकलन गर्ने।
- नीति, योजना, कार्यक्रम तथा कार्यान्वयनसँग सम्बन्धित प्रमाण र आधिकारिक कागजात संकलन गरी सूचकअनुसार अंक निर्धारण तथा प्रमाणिकरण गर्ने।
- प्राथमिक स्रोतका लागि आवश्यक परेमा स्थलगत अनुगमन गर्ने तथा सरोकारवाला, कर्मचारी र सेवाग्राहीसँग छलफल तथा अन्तर्वार्ता लिने।
- दिग्दर्शनअनुसार सूचक र उपसूचकका आधारमा तथ्याङ्क संकलन तथा प्रस्तुतिकरणका लागि आवश्यक ढाँचा तयार गर्ने।
- दुई दिने कार्यशाला गोष्ठीको आयोजना, सहभागी व्यवस्थापन र सञ्चालन गर्ने।
- कार्यशालामा सूचकहरूको प्रमाणीकरण गर्दै सबल पक्ष, सुधारका क्षेत्र, अवसर तथा चुनौतीहरूको विश्लेषण गर्ने।
- पहिचान भएका सुधारका क्षेत्र तथा चुनौती न्यूनीकरणका लागि लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण कार्ययोजना तयार गर्ने र तयार भएको प्रतिवेदन लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिसमक्ष पेश गर्ने।

### ३. प्रतिवेदन चरण

यस चरणमा कार्यदलले संकलित सूचना तथा तथ्याङ्कलाई सहजकर्ता स्रोत व्यक्तिको सहयोगमा विश्लेषण गरी प्रतिवेदन/ तयार गर्नेछ र सो प्रतिवेदन सबै सहभागीहरूको सहमतिका लागि प्रस्तुत गर्नेछ। प्रतिवेदनलाई व्यवस्थित र आकर्षक बनाउन विभिन्न खण्डहरूमा विभाजन गरिनेछ। विशेषतः प्रतिवेदनमा परिचय, तथ्याङ्क संकलन विधि, विश्लेषण, मुख्य उपलब्धि, सबल तथा कमजोर पक्ष, मूलप्रवाहीकरण कार्ययोजना तथा निष्कर्ष एवं सुझाव सम्बन्धी खण्डहरू समावेश गरिनेछन्।

### २.३. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको विधि प्रक्रिया तथा तरीका

लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण दिग्दर्शन अनुरुप लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण  परिक्षण गर्दा यी तलका विभिन्न विधिहरु र औजारहरु प्रयोग गरिएको छ

- सन्दर्भ सामाग्रीको संकलन र पुनरावलोकन,
- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण विषयमा क्षमता अभिवृद्धि गरी बुझाईमा एकरुपता ल्याउने,
- लक्षित समुह छलफल र मुख्य व्यक्तिहरुको अन्तरवार्ता,
- सरोकारवालाको विश्लेषण कार्यशाला गोष्ठि,
- प्रश्नावली द्धारा विभिन्न शिर्षक र उपशिर्षकहरुमा अंकभार दिने,
- कार्यशाला गोष्ठीमार्फत प्रदान गरिएका अंकभारको तथ्यगत आधारमा छलफल गरी प्रमाणीकरण गर्ने ।
- सवल, कमजोर, अवसर तथा चुनौति विश्लेषण गर्ने, र एक वर्षको लागि कार्ययोजना तयार गरी छलफल विधिबाट सहमती गर्ने र गराउने ।

### २.४. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणमा संलग्न हुने सहभागिहरु

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणमा पदाधिकारीहरु र कर्मचारीहरु गरी ४३ जनाले क्षमता अभिबृद्धिका कार्यशाला गोष्ठिमा सक्रिय रुपमा भाग लिएका थिए। जसमध्येमा ३१ जना पुरुष र १२ जना महिला थिए।  सहभागीहरु मध्येमा ३७ जना ब्रामण, क्षेत्री र ठकुरी वर्गमा छन भने ३ जना जनजाति, २ जना दलित मधेसी १ जना वर्गबाट थिए। विस्तृत नामाबली अनुसुची १ मा उल्लेख छ।

| जम्मा सहभागी | पुरुष | महिला | ब्रामण,क्षेत्री,ठकुरी | जनजाति | दलित | मद्येसी | अपाङ्गता | यौनिक अल्पसंख्यक |
|---|---|---|---|---|---|---|---|---|
| ४३ | ३१ | १२ | ३७ | ३ | २ | १ | २ | ० |

### २.५. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण सूचकहरु र सोको अंकभार

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि स्थानीय सरकारको नीतिमा लैंङ्गिक समानता तथा सामाजिक समावेशी विकास, लैंङ्गिक समानता तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार र नेपाल सरकारका प्रतिवद्धताहरु लगायतका विषय वस्तु समेटिएका छन । लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि देहायका पाँचवटा मुख्य सूचकहरु तथा अंकभारको व्यवस्था गरिएको छ।

| क्र.स. | मूल सूचकहरु | अंकभार |
|---|---|---|
| १. | नीति, कानुन, योजना | २० |
| २. | संस्थागत व्यवस्था | २० |
| ३. | मानव संसाधन तथा क्षमता विकास | २० |
| ४. | सेवा प्रवाह | २० |
| ५. | सुशासन तथा  उत्तरदायीत्व | २० |

**लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणका मूल सूचकका उपसूचकहरु र अंकभार**

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणका प्रमुख पाँचवटा सूचकहरु भित्र विभिन्न २२ वटा उपसूचकहरु राखिएका छन । ती उपसूचकलाई प्रष्ट बनाउनका लागि प्रत्येक उपसूचकमा प्रश्नहरु राखिएका छन । समग्रमा यस परीक्षणमा १०० वटा प्रश्नहरुको उपयोग गरिएको छ । प्रत्येक प्रश्नको पूर्णाङ्क १ रहेको छ जसमा अवस्था हेरेर ०-१ सम्मको अंकभार दिन सकिन्छ । उक्त २२ वटा उपसूचकहरु र अंकभार यस प्रकार रहेका छन ।

**लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणका मुख्य तथा सहायक विषय क्षेत्रहरु**

| क्र. स. | मुख्य तथा सहायक विषय क्षेत्रहरु | अंकभार | अंकभार |
|---|---|---|---|
| १. | नीति, कानुन, योजना | | २० |
| १.१. | नीति, कानुन, योजनामा समावेशी सहभागिता | ८ | |
| १.२. | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | |
| १.३. | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | |
| २ | संस्थागत व्यवस्था | | २० |
| २.१ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | |
| २.२ | कार्यप्रणाली समावेशी | ४ | |
| २.३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | |
| २.४ | वित्त व्यवस्थापन प्रणालिमा समावेशिता | ४ | |

| | | | |
|---|---|---|---|
| २.५ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | |
| ३ | मानव संसाधन तथा क्षमता विकास | | २० |
| ३.१. | मानव संसाधन तथा क्षमता विकास | ८ | |
| ३.२. | अनौपचारिक मुल्य, मान्यता र कुसस्कार विरुद्ध जनचेतना | ४ | |
| ३.३. | कानुनी साक्षरता | ४ | |
| ३.४. | विपद व्यवस्थापनमा समावेशिता | ४ | |
| ४ | सेवा प्रवाह | | २० |
| ४.१. | पूर्वाधार विकास | ४ | |
| ४.२. | प्रजनन स्वास्थ्य | ४ | |
| ४.३ | शिक्षा कार्यक्रम | ४ | |
| ४.४ | खानेपानी तथा सरसफाई | ४ | |
| ४.५ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | |
| ५ | सुशासन तथा  उत्तरदायीत्व | | २० |
| ५.१. | सुशासन | ४ | |
| ५.२. | उत्तरदायित्व र जवाफदेहिता | ४ | |
| ५.३ | सूचना तथा संचार | ४ | |
| ५.४ | अनुगमन तथा मूल्याङ्खन | ४ | |
| ५.५ | समन्वय र सम्बन्ध विस्तार | ४ | |
| | कुल जम्मा | | १०० |

उपशीर्षकहरुको पुष्टयाईको लागि प्रत्येकमा व्याख्यान गरीएको छ। अंक भार दिने तरिका यस प्रकार छन।

- यदि अवस्थाको विवरणमा राम्रो भएमा र प्रमाणीकरणको आधार भएमा अंक १ दिने,
- यदि अवस्थाको विवरणर र प्रमाणीकरणको आधार पनि मध्यम भएमा अंक ०.५ र
- यदि अवस्थाको विवरणमा सुधार गर्नु पर्ने देखिएमा वा व्याख्यानमा हुदै नभएमा अंक ० दिने ।

# भाग ३

## लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणवाट आएको उपलब्धी

### ३.१. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणको मूख्य उपलब्धीहरु

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात सिद्धकुमाख गाउँपालिकाबाट सञ्चालन भइरहेका विभिन्न क्रियाकलापहरूमा लैङ्गिक संवेदनशीलताको अवस्था अध्ययन गरी आवश्यक पृष्ठपोषण प्रदान गरिएको छ । गाउँपालिकाले अवलम्बन गर्दै आएका लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमहरूको अन्तराल विश्लेषण गरी सुधार तथा सुदृढीकरणका लागि नयाँ कार्ययोजना समेत तयार गरिएको छ। यस परीक्षणले आगामी दिनमा सिद्धकुमाख गाउँपालिकालाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणमैत्री बनाउन थप सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गर्ने दिशामा मार्गदर्शन प्रदान गरेको छ। समग्रमा परीक्षण पश्चात निम्न उपलब्धि तथा प्राप्तिहरू पहिचान भएका छन्।

- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणका क्रममा गाउँपालिकाबाट सञ्चालन भइरहेका विभिन्न नीति, योजना, कार्यक्रम तथा गतिविधिहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवस्थाको वस्तुगत मूल्याङ्कन गरिएको छ, जसले वर्तमान अवस्थाको स्पष्ट चित्र प्रदान गरेको छ।
- गाउँपालिका स्तरमा अवलम्बन हुँदै आएका लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, रणनीति तथा कार्यक्रमहरूको अन्तराल विश्लेषण (Gap Analysis) गरी सुधार आवश्यक क्षेत्रहरू पहिचान गरिएको छ।
- परीक्षण प्रक्रियाबाट गाउँपालिकामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई परियोजनागत होइन, प्रणालीगत विषयका रूपमा हेर्नुपर्ने आवश्यकता स्पष्ट रूपमा उजागर भएको छ।
- निर्णय प्रक्रियामा महिलाको सहभागिता, लक्षित समूहको प्रतिनिधित्व, र समावेशी अभ्यासका सन्दर्भमा भएका सकारात्मक प्रयासहरू पहिचान तथा दस्तावेजीकरण गरिएको छ।
- Gender Responsive Budgeting (GRB), समावेशी सेवा प्रवाह, संरक्षण संयन्त्र तथा सूचक व्यवस्थापन जस्ता विषयहरूमा संस्थागत सुधार आवश्यक पर्ने तथ्यहरू प्रमाणका आधारमा प्रस्तुत गरिएको छ।
- नीति, प्रणाली, मानव संसाधन र कार्यान्वयन बीचको सम्बन्ध कमजोर भएको कारण केही सूचकहरूमा शून्य वा न्यून प्राप्ताङ्क देखिएको अवस्था स्पष्ट रूपमा विश्लेषण गरिएको छ।
- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणले गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरू बीच लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणप्रतिको संवेदनशीलता र बुझाइ अभिवृद्धि गर्न सहयोग पुऱ्याएको छ।
- परीक्षणको नतिजाका आधारमा गाउँपालिकाका लागि यथार्थपरक, सन्दर्भ अनुकूल र कार्यान्वयन योग्य सुधार कार्ययोजना तयार गरिएको छ।

- आगामी दिनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई योजना, बजेट, सेवा प्रवाह र अनुगमन प्रणालीसँग जोड्दै दीर्घकालीन रूपमा संस्थागत गर्नुपर्ने स्पष्ट मार्गदर्शन परीक्षणले प्रदान गरेको छ।
- समग्रमा, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणले सिद्धकुमाख गाउँपालिकालाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणमैत्री स्थानीय सरकारको रूपमा सुदृढ बनाउने दिशामा ठोस आधार तयार गरेको छ।
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि -CEDAW कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रमहरुमा पनि रकम विनियोजन गरिएको छैन ।
- गाउँपालिकाले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्वन्धि केही नीति रणनीति तथा कार्यविधिहरु मिति मलाइ  गते पारित गरेता पनी कार्यान्वयनमा आएको देख्दैन।

**३.२. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त अंकभार**

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षण गर्दा कार्यविधिमा उल्लेख गरिए अनुसार प्रमुख विषयहरु, सुचकहरुको व्याख्या र प्रमाणीकरणको आधारमा समूहगत छलफल पश्चात अंक दिई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण गरिएको छ जस्को कुल प्राप्ताक अंक ५३ रहेको छ। मूख्य सूचक र उपसूचक अनुसार प्राप्त अंकहरु यस प्रकार छनः

| क्र. स. | मुख्य तथा सहायक विषय क्षेत्रहरु | अंकभार | अंकभार |
|---|---|---|---|
| १. | नीति, कानुन, योजना | | 20 |
| १.१. | नीति, कानुन, योजनामा समावेशी सहभागिता | 8 | 5 |
| १.२. | योजना तर्जुमा तथा कार्यान्वयन | 8 | 5.5 |
| १.३. | बजेट तर्जुमा तथा कार्यान्वयन | 4 | 2.5 |
| २ | संस्थागत व्यवस्था | | २० |
| २.१ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | 4 | 1.5 |
| २.२ | कार्यप्रणाली समावेशी | 4 | 2 |

| | | | |
|---|---|---|---|
| २.३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | 4 | 2.5 |
| २.४ | वित्त व्यवस्थापन प्रणालिमा समावेशिता | 4 | 1.5 |
| २.५ | तथ्याङ्ख संकलन तथा व्यवस्थापन | 4 | 2 |
| ३ | मानव संसाधन तथा क्षमता विकास | | २० |
| ३.१. | मानव संसाधन तथा क्षमता विकास | 8 | 5 |
| ३.२. | अनौपचारिक मुल्य, मान्यता र कुसस्कार विरुद्ध जनचेतना | 4 | 1.5 |
| ३.३. | कानुनी साक्षरता | 4 | 2 |
| ३.४. | विपद व्यवस्थापनमा समावेशिता | 4 | 3 |
| ४ | सेवा प्रवाह | | २० |
| ४.१. | पूर्वाधार विकास | 4 | 1 |
| ४.२. | प्रजनन स्वास्थ्य | 4 | 2.5 |
| ४.३ | शिक्षा कार्यक्रम | 4 | 2 |
| ४.४ | खानेपानी तथा सरसफाई | 4 | 3 |
| ४.५ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | 4 | 2.5 |
| ५ | सुशासन तथा  उत्तरदायीत्व | | २० |
| ५.१. | सुशासन | 4 | 1.5 |
| ५.२. | उत्तरदायित्व र जवाफदेहिता | 4 | 2 |
| ५.३ | सूचना तथा संचार | 4 | 2 |
| ५.४ | अनुगमन तथा मूल्याङ्खन | 4 | 0.5 |
| ५.५ | समन्वय र सम्बन्ध विस्तार | 4 | 3 |

| | | | |
|---|---|---|---|
| | कुल जम्मा | 100 | 53.5 |

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको मूल सूचकहरुमा नीति कानुन, योजनामा १३, संस्थागत व्यवस्थामा ९.५, मानव संसाधन तथा क्षमता विकास ११, सेवा प्रवाहमा ११ र सुशासन तथा उतरदायित्व ९ अंकभार प्राप्त भएको छ । जस्मा सबैभन्दा बढि नीति, कानुन, योजना आएको छ भने अरु सूचकहरुमा बराबरी जस्तै प्राप्त भएका छन । विस्तृत मूलसूचकका अंकभार यस प्रकार छन ।

| क्र. स. | सुचकहरु | अंकभार | अंकभार प्राप्त |
|---|---|---|---|
| १ | नीति, कानुन, योजना | २० | १३ |
| २ | संस्थागत व्यवस्था | २० | ९.५ |
| ३ | मानव संसाधन तथा क्षमता विकास | २० | ११ |
| ४ | सेवा प्रवाह | २० | ११ |
| ५ | सुशासन तथा उत्तरदायीत्व | २० | ९ |
| | जम्मा | १०० | ५३.५ |

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणको प्राप्त अंकको विस्तृत विवरण अनुसूची २ मा उल्लेखछ ।

**३.३. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अंकभारको आधारमा माकुरी जाल, बार चार्टका चित्रहरु**

**क.** माकुरो जालो:- सिद्ध कुमाख गाउँपालिकाले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचाङ्कको अभ्यासमा प्राप्त गरेको अङ्कलाई यहाँ सारांशमा माकुरी जालोमा प्रस्तुत गरिएको छ ।



ख. माकुरो जालो:- सिद्ध कुमाख गाउँपालिकाले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचाङ्कको अभ्यासमा प्राप्त गरेको अङ्कलाई यहाँ सारांशमा २२ वटा सुचकका आधारमा माकुरी जालोमा प्रस्तुत गरिएको छ ।




ग. लैङ्कि समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणमा पाँचवटा विषयबस्तुले प्राप्त गरेको अङ्कभारलाई विषयगत आधारमा **Bar Chart** मा तल प्रस्तुत गरिएको छ ।



### ३.४. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतीहरु

सिद्धकुमाख गाउँपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सन्दर्भमा गाउँपालिकाको सवल पक्ष तथा सुधार्नु पर्ने पक्षलाइ विश्लेषण गर्दा प्राप्त भएको सुझाव ५ वटै मूल सुचकहरुको सवल पक्ष, सुधार्नु पर्ने पक्ष तथा अवसर र चुनौतीहरु यस प्रकारका छन ।

**मूल सुचक १: नीति, कानुन, योजना**

| सवल पक्ष | सुधार गनुपर्ने पक्ष | अवसर | चुनौतीहरु |
|---|---|---|---|
| - गाउँपालिकाले महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सीमान्तकृत समुदाय लक्षित नीति तथा कार्यक्रमहरू अंगीकार गरेको छ ।<br>- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसम्बन्धी विषयहरूलाई नीति तथा योजनामा समेट्ने प्रतिबद्धता देखिन्छ।<br>- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरणमा चासो र रुचि देखिएको । | - गाउँपालिका विशेष लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि तथा स्पष्ट सूचक व्यवस्थापन प्रणाली विकास भइनसकेको ।<br>- नीति तथा योजनामा समावेश गरिएका लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण प्रावधानहरू कार्यान्वयनसँग पर्याप्त रूपमा जोडिन नसकेको ।<br>- लैङ्गिक समानता तथा समावेशीकरणमा कार्यक्रम र वजेट व्यवस्थापन हुन नसकेको । | - विद्यमान नीति तथा योजना समेटेरस्पष्ट लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण कार्यविधि र मार्गदर्शक दस्तावेज विकासगर्न सकिने।<br>- स्थानीय आवश्यकता अनुसार लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसूचकलाई संस्थागत गर्ने अवसर।<br>- समाज रुपान्तरणको लागी प्रर्याप्त अवसर भएको । | - नीति कागजमै सीमित हुने र व्यवहारमा नदेखिने जोखिम।<br>- योजना तर्जुमा प्रक्रियामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई अनिवार्य बनाउने कानुनी तथा प्रक्रियागत चुनौती।<br>- सिमित स्रोत साधनवाट अपेक्षित काम गर्नकोलागी प्रार्याप्त वजेट नहुनु । |

### १. नीति, कानुन तथा योजना क्षेत्र (० / ०.५ प्राप्ताङ्क)

**विश्लेषण**

यस क्षेत्रमा ० वा ०.५ प्राप्ताङ्क आएका सूचकहरू मुख्यत गाउँपालिका विशेष लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, सूचक व्यवस्थापन प्रणाली तथा GRB कोडिङलाई अनिवार्य बनाउने

स्पष्ट नीति संरचना नहुनुसँग सम्बन्धित छन् । नीति र योजनामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको उल्लेख भए तापनि तिनलाई मापनयोग्य बनाउने सूचक, जिम्मेवारी र कार्यान्वयन संरचना विकास नभएकाले परीक्षणमा पूर्णाङ्क प्राप्त हुन सकेको छैन ।

**यसले के संकेत गर्छ?**

- प्रतिबद्धता छ, तर institutional framework कमजोर
- लामो समयसम्म यही अवस्था रहे नीति कागजमै सीमित हुने जोखिम

**मूल सुचक २: संस्थागत व्यवस्था**

| सवल पक्ष | सुधार गनुपर्ने पक्ष | अवसर | चुनौतीहरु |
|---|---|---|---|
| - उपभोक्ता समिति, विभिन्न समिति तथा संयन्त्रहरूमा महिलाको सहभागिता सुनिश्चित गरिएको छ।<br>- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक हेर्ने संरचना र संयन्त्र क्रियाशील देखिन्छ।<br>- समाजका हरेक संयन्त्रमा महिलाहरुको सहभागीता हुने गरेको | - प्रतिनिधित्व भए पनि निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सधैं सुनिश्चित हुन सकेको छैन।<br>- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसम्बन्धी स्पष्ट जिम्मेवारी तोकिएको एकीकृत संरचना कमजोर देखिन्छ ।<br>- सहभागीता अनुसार उक्त काम प्रतिजवाफदेहिता कमजोर देखिन्छ । आफुले गरेको काम प्रति अनविज्ञ हुनु । | - विद्यमान संरचनालाई सुदृढ बनाईलैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण focal person वा समिति सशक्त बनाउन सकिने।<br>- संस्थागत क्षमतालाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण-मैत्री शासनतर्फ उन्मुख गराउने अवसर।<br>- सहभागी भएको क्षेत्रमा जिम्मेवार र जवाफदेहीको अवसर। | - प्रतिनिधित्व औपचारिकतामा मात्र सीमित हुने सम्भावना।<br>- संस्थागत समन्वय कमजोर भए लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणकार्य fragmented हुने जोखिम।<br>- महिलाहरुलाइ लामो समय देखि घरायसी काममा मात्र सिमित गरिएको कारण वाहिर खुलेर आफ्ना धारण र विचार राख्नेमा चुनौती |

**२. संस्थागत व्यवस्था क्षेत्र (० / ०.५ प्राप्ताङ्क)**

**विश्लेषण**

संस्थागत संरचना विद्यमान भए तापनि ० वा ०.५ प्राप्ताङ्क आएका सूचकहरूमा लैङ्गिक समानता, अपाङ्गता तथा

सामाजिक समावेशीकरण focal role नहुनु, जिम्मेवारी विभाजन नहुनु तथा संस्थागत कार्यसम्पादन मापन नगर्नु प्रमुख कारण रहेको देखिन्छ । प्रतिनिधित्व भए पनि त्यसको प्रभाव र परिणाम अभिलेखमा नदेखिँदा परीक्षणमा न्यूनाङ्क आएको हो ।

**यसले के संकेत गर्छ?**

- संरचना छ तर कार्यप्रणाली कमजोर
- Institutional leadership बिना लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण दिगो नहुने अवस्था

**मूल सुचक ३: मानव संसाधन तथा क्षमता विकास**

| सवल पक्ष | सुधार गनुपर्ने पक्ष | अवसर | चुनौतीहरु |
|---|---|---|---|
| - महिला तथा लक्षित समूहका लागि क्षमता विकास, सशक्तिकरण र तालिम कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।<br>- क्षमता विकास कार्यक्रममा सामाजिक रूपमा बहिष्करणमा परेका समूहलाई प्राथमिकता दिने अभ्यास देखिन्छ ।<br>- महिला तथा लक्षित समुहमा विस्तारै नेतृत्वदायी चेतनाको विकास भएको देखिन्छ । | - कर्मचारी तथा जनप्रतिनिधिका लागि भूमिका अनुसार लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण क्षमता विकास योजना नदेखिएको ।<br>- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण ज्ञानलाई योजना, बजेट तथा सेवा प्रवाहमा प्रयोग गर्ने अभ्यास कमजोर ।<br>- नेतृत्वदायी भुमिका वढाउन थप कार्यक्रम हुनुपर्ने । | - लक्षित र भूमिकामुखी क्षमता विकास कार्यक्रम विकास गर्न सकिने।<br>- कर्मचारी तथा जनप्रतिनिधिलाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण champions को रूपमा विकास गर्ने अवसर ।<br>- समाजको नेतृत्वको अवसर | - तालिम कार्यक्रम एकपटकको कार्यक्रममा सीमित हुने जोखिम।<br>- निरन्तर क्षमता विकासका लागि स्रोत र समय व्यवस्थापन।<br>- महिला तथा लक्षित समुहको परम्परागत सामाजिक परिवेशवाट परिवर्तन हुन चुनौती |

**३. मानव संसाधन तथा क्षमता विकास क्षेत्र (० / ०.५ प्राप्ताङ्क)**

**विश्लेषण**

यस क्षेत्रमा ० वा ०.५ प्राप्ताङ्क आउनुको मुख्य कारणभूमिका-आधारित (role-specific) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण क्षमता विकास योजना नहुनु हो । तालिमहरू सञ्चालन भए पनि ती योजना निर्माण, बजेट कोडिङ, सेवा डिजाइनसँग प्रत्यक्ष जोडिन नसक्दा परीक्षणका सूचकहरू पूरा हुन सकेनन् ।

**यसले के संकेत गर्छ?**

- ज्ञान छ तर प्रयोग प्रणालीमा छैन
- क्षमता विकासलाई formal system मा नल्याएसम्म सुधार सीमित रहने

**मूल सुचक ४: सेवा प्रवाह**

| सवल पक्ष | सुधार गनुपर्ने पक्ष | अवसर | चुनौतीहरु |
|---|---|---|---|
| - सेवा सुविधामा पहुँच नभएका समुदायहरूका लागि घुम्ती शिविर तथा वडास्तरबाट सेवा प्रवाह गरिएको छ।<br>- महिला, बालबालिका तथा हिंसामा परेका व्यक्तिका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालनमा रहेको छ।<br>- लक्षित वर्गलाई चेतनामुलक कार्यक्रम राखिएको। | - सार्वजनिक पूर्वाधार (शौचालय, भवन आदि) पूर्ण रूपमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण-मैत्री नभएको।<br>- LGBTIQ+ तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता अनुसार सेवा संरचना कमजोर।<br>- लक्षित वर्गले प्राप्त गरेको ज्ञान सिपलाई सामाजिकीकरण गर्नुपर्ने। | - समावेशी सेवा प्रवाह मापदण्ड लागू गरी गाउँपालिकालाईनमुना सेवा प्रदायकबनाउन सकिने।<br>- पूर्वाधार विकास योजनामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणमुख्यधारमा ल्याउने अवसर।<br>- लक्षित वर्गले खेल्ने सकारात्मक भुमिकाले समाजमा परिवर्तनको सन्देश दिन्छ। | - भौगोलिक तथा वडागत रूपमा सेवा पहुँच असमान रहनु।<br>- समावेशी पूर्वाधार विकासका लागि अतिरिक्त लगानी आवश्यक हुनु।<br>- लक्षित वर्गहरुलाई आफ्नो स्थान वा माथि उठ्नेमा अलि समस्या देखिन्छ। |

**४.सेवा प्रवाह क्षेत्र (० / ०.५ प्राप्ताङ्क)**

**विश्लेषण**

सेवा प्रवाह क्षेत्रमा ० वा ०.५ अंक आउनु विशेषगरी समावेशी पूर्वाधार (LGBTIQ+, अपाङ्गता, सुरक्षित तथा गोप्य सेवा)सँग सम्बन्धित सूचकहरूमा देखिएको छ। केही वडामा सेवा पहुँच रहे पनि गाउँपालिका भर समान मापदण्ड अभाव भएकाले सूचकहरू आंशिक रूपमा मात्र पूरा भएका छन्।

**यसले के संकेत गर्छ?**

- पहुँच बढ्दो छ तर समानता सुनिश्चित छैन

- ‘access’ छ तर ‘inclusion’ अझै कमजोर

**मूल सुचक ५: सुशासन तथा उत्तरदायित्व**

| सवल पक्ष | सुधार गनुपर्ने पक्ष | अवसर | चुनौतीहरु |
|---|---|---|---|
| - महिला हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिएको छ। <br>- न्यायिक समिति मार्फत लैङ्गिक हिंसाका मुद्दामा न्याय पहुँच बढेको छ। <br>- लक्षित वर्गलाई सुशासन तथा उत्तरदायित्व सम्वन्धी कार्यक्रम संचालन गरेको छ । | - लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसम्बन्धी सूचना, तथ्याङ्क र अभिलेख प्रणाली पर्याप्त विकसित हुन सकेको छैन। <br>- आधुनिक सञ्चार माध्यममार्फत लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसूचना प्रवाह कमजोर। <br>- लक्षित वर्ग आफ्नो अधिकार प्रति जानकार हुनपर्ने | - सूचना प्रणाली सुदृढ गरीप्रमाणमा आधारित निर्णय प्रणालीविकास गर्न सकिने। <br>- IEC र डिजिटल माध्यम प्रयोग गरी नागरिक सहभागिता बढाउने अवसर। <br>- लक्षित वर्ग आफ्नो अधिकारको स्थायित्व हुने अवसर छ । | - अभिलेख र प्रमाण नहुँदा भएका काम पनि मूल्याङ्कनमा नआउने जोखिम। <br>- उत्तरदायित्व प्रणाली सुदृढ नगरे लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणदीगो नहुन सक्छ। <br>- लक्षित वर्ग आफै समाजमा अग्रसर हुनेमा समस्या देखिन्छ । |

**५. सुशासन तथा उत्तरदायित्व क्षेत्र (० / ०.५ प्राप्ताङ्क)**

**विश्लेषण**

यस क्षेत्रमा ० वा ०.५ प्राप्ताङ्क आउनुको मुख्य कारणलैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी तथ्याङ्क, अभिलेख, सूचना प्रसार र अनुगमन प्रणाली कमजोर हुनुहो।काम भएका केही गतिविधिहरू पनि दस्तावेज र प्रमाण नहुँदा परीक्षणमा गणना हुन सकेनन् ।

**यसले के संकेत गर्छ?**

- काम भयो तर प्रमाण छैन
- प्रणाली बिना उत्तरदायित्व सुदृढ हुन सक्दैन

**संक्षेप विश्लेषणात्मक निष्कर्ष**

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणले देखाउँछ कि सिद्धकुमाख गाउँपालिकामा प्रतिबद्धता र संरचना विद्यमान भए तापनि प्रणाली, क्षमता र कार्यान्वयन बीच सन्तुलित सम्बन्ध विकास गर्नुपर्ने अवस्था छ । ५ वटै मूल सूचक क्षेत्रहरूमा सबल पक्ष, सुधारका क्षेत्र तथा अवसरहरू स्पष्ट देखिएका छन् । यी अवसरहरूलाई योजनाबद्ध रूपमा उपयोग गर्न सकेमा चुनौतीहरू न्यूनीकरण हुँदै गाउँपालिकाको शासन प्रणाली थप समावेशी, उत्तरदायी र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मैत्री बन्ने सम्भावना प्रबल देखिन्छ ।

### ३.५. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण कार्ययोजना

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण) परीक्षणका क्रममा सिद्धकुमाख गाउँपालिकामा विद्यमान सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर तथा चुनौतीहरूको विश्लेषणबाट लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई नीति, योजना, बजेट, सेवा प्रवाह तथा सुशासन प्रणालीमा मूलप्रवाहिकरण गर्न थप संरचित र समयबद्ध प्रयास आवश्यक रहेको देखिएको छ। यसै सन्दर्भमा, गाउँपालिकाले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई दीगो रूपमा संस्थागत गर्न निम्न कार्ययोजना तर्जुमा गरेको छ।

| **मूल सुचक १ नीति कानुन योजना** | | | | **प्राप्त अंकभार १३** | |
|---|---|---|---|---|---|
| **अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप** | **क्रियाकलाप संचालन गर्ने जिम्मेवारी** | | | **समयावधि** | **थप दायित्व पर्ने / नपर्ने** |
| | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | |
| गाउँपालिका विशेष लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि तथा सूचक व्यवस्थापन निर्देशिका विकास गरी स्वीकृत गर्ने । | कानुन शाखा, म.बा.जेना शाखा | कार्यपालिका | गाउँपालिका | १ वर्षमा आ.व.२०८३/८४ | थप आर्थिक दायित्व पर्ने |
| चालु आर्थिक वर्षदेखि वार्षिक योजना तथा कार्यक्रम निर्माण प्रक्रियामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण दृष्टिकोण अनिवार्य रूपमा समावेश गर्ने। | बिषयगत समिति, शाखाप्रमुख तथा वडा सचिबहरु | कार्यपालिका | गाउँपालिका | १ वर्षमा आ.व.२०८३/८४ | थप आर्थिक दायित्व नपर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी स्वीकृत नीति, रणनीति तथा कार्यविधिहरूको नियमित अनुगमन तथा समीक्षा गर्ने। | म.बा.जेना शाखा | कार्यपालिका | म.बा.जेना शाखा | १ वर्षमा आ.व.२०८३/८४ | थप आर्थिक दायित्व पर्ने |
| महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) तथा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्का प्रस्ताव नं. १३२५ र १८२० अन्तर्गत स्थानीय तहको जिम्मेवारीमा रहेका कार्यक्रमहरूमा आवश्यक बजेट विनियोजन गर्ने। | म.बा.जेना शाखा | सामाजिक बिकास समिति | म.बा.जेना शाखा | १ वर्षमा आ.व.२०८३/८४ | थप आर्थिक दायित्व पर्ने |
| लक्षित वर्ग तथा समुदायको आवश्यकता पहिचानका आधारमा कार्यक्रम तथा बजेट विनियोजन गर्ने व्यवस्था लागू गर्ने। | बिषयगत समिति, शाखाप्रमुख तथा वडा सचिबहरु | कार्यपालिका | गाउँपालिका | १ वर्षमा आ.व.२०८३/८४ | थप आर्थिक दायित्व नपर्ने |
| **मूल सुचक २ संस्थागत व्यवस्था** | | | | **प्राप्त अंकभार ९.५** | |
| लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण हेर्ने फोकल व्यक्ति/समिति औपचारिक रूपमा तोकी जिम्मेवारी स्पष्ट गर्ने। | म.बा.जेना शाखा | सामाजिक बिकास समिति÷प्र प्र अ | म.बा.जेना शाखा | आ.व.२०८२/८३ | थप आर्थिक दायित्व नपर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| महिला तथा सीमान्तकृत समुदायको निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न संस्थागत कार्यप्रणाली सुदृढ गर्ने तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण) सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अभिलेखीकरण प्रणाली सुदृढ गर्ने। | म.बा.जेना शाखा र सूचना प्रबिधि शाखा | कार्यपालिका | म.बा.जेना शाखा र सूचना प्रबिधि शाखा | आ.व.२०८३/८४ | थप आर्थिक दायित्व पर्ने |
| लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन तथा प्रगतिको नियमित सार्वजनिक समीक्षा गर्ने। | म.बा.जेना शाखा | कार्यपालिका | सबै शाखा प्रमुख तथा वडा सचिबहरु | आ.व.२०८३/८४ | थप आर्थिक दायित्व पर्ने |
| लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण) परीक्षण तथा मूलप्रवाहीकरण सुदृढ गर्न शाखाहरूबीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने, त्यसका लागि त्रैमासिक बैठकमार्फत नियमित समीक्षा गर्ने तथा अडिटका क्रममा आवश्यक कागजातहरूको समयमै समीक्षा र व्यवस्थापन सुदृढ गर्ने। | म.बा.जेना शाखा | सामाजिक बिकास समिति | सबै शाखा प्रमुख तथा वडा सचिबहरु | आ.व.२०८३/८४ | थप आर्थिक दायित्व पर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| गाउँपालिकाको संस्थागत संरचना तथा कार्यप्रणालीलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण) मैत्री बनाउने, तथा आवश्यक स्रोतसाधन र जिम्मेवारी सुनिश्चित गर्ने। | म.बा.जेना शाखा | कार्यपालिका | वडा कार्यालयहरु तथा सबै शाखा प्रमुखहरु | आ.व.२०८३/८४ | थप आर्थिक दायित्व पर्ने |
| **मूल सुचक ३ मानव संसाधन तथा क्षमता विकास** | | | | **प्राप्त अंकभार ११** | |
| कर्मचारी तथा जनप्रतिनिधिहरूका लागि भूमिकाअनुसार लक्षित लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | म.बा.जे=ना शाखा | सामाजिक बिकास समिति | सामाजिक बिकास समिति र सबै शाखा | आ.व.२०८३/८४ | थप आर्थिक दायित्व पर्ने |
| कार्यस्थलमा हुने यौनजन्य दुर्व्यबहार सम्बन्धि आचार संहिता बनाउने | म.बा.जे.ना शाखा | कार्यपालिका | समग्र गाउँपालिका | आ.व.२०८३/८४ | थप आर्थिक दायित्व नपर्ने |
| महिला तथा सीमान्तकृत समुदायको नेतृत्व विकास तथा आर्थिक सशक्तीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । | सबै शाखा तथा वडा कार्यालय | नगरसभा | कार्यपालिका | आ.व.२०८३/८४ | थप आर्थिक दायित्व पर्ने |
| **मूल सुचक ४ सेवा प्रवाह** | | | | **प्राप्त अंकभार ११** | |
| सार्वजनिक पूर्वाधार तथा सेवा केन्द्रहरूलाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणमैत्री मापदण्ड अनुसार क्रमशः सुधार गर्ने। | म.बा.जे.ना शाखा | कार्यपालिका | योजना र पुर्वाधार शाखा | आ.व.२०८३/८४ | थप आर्थिक दायित्व नपर्ने |
| सेवा पहुँच कमजोर क्षेत्रहरूलाई प्राथमिकतामा राखी सरसफाइ तथा सेवा प्रवाह सुधार गर्ने। | म.बा.जे.ना शाखा | कार्यपालिका | पुर्वाधार शाखा र म.बा.जे.ना शाखा | आ.व.२०८३/८४ | थप आर्थिक दायित्व पर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| लैङ्गिक हिंसा, विभेद तथा सामाजिक कुरीति न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | सामाजिक शाखा | कार्यपालिका | सामाजिक बिकास शाखा | आ.व.२०८३/८४ | थप आर्थिक दायित्व पर्ने |
| **मूल सुचक ५ सुशासन तथा उत्तरदायित्व** | | | | **प्राप्त अंकभार ९** | |
| सूचना, शिक्षा तथा सञ्चार (IEC) कार्यक्रममार्फत लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी जनचेतना विस्तार गर्ने। | शिक्षा,स्वास्थ्य,सामाजिक र म.बा.जे ना शाखा | कार्यपालिका | शिक्षा,स्वास्थ्य,सामाजिक र म.बा.जे.ना शाखा | आ.व.२०८३/८४ | थप आर्थिक दायित्व नपर्ने |
| योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रियामा लक्षित वर्गको सहभागिता अभिवृद्धि गर्ने। | कार्यपालिका | कार्यपालिका | समग्र सिद्धकुमाख गाउँपालिका | आ.व.२०८३/८४ | थप आर्थिक दायित्व नपर्ने |
| लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन तथा प्रगतिको नियमित सार्वजनिक समीक्षा तथा सामाजिक परीक्षण गर्ने। | सामाजिक शाखा | कार्पालिका | सामाजिक शाखा | आ.व.२०८३/८४ | थप आर्थिक दायित्व पर्ने |

**भाग:-४**

## ४. निष्कर्ष तथा सुझाव

### निष्कर्ष

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सुशासन, समावेशी विकास र नागरिक केन्द्रित सार्वजनिक सेवा प्रवाहको महत्वपूर्ण आधार हो। यस लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणले सिद्धकुमाख गाउँपालिकाको नीति, संरचना, प्रणाली, सेवा प्रवाह तथा व्यवहारमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको विद्यमान अवस्थाको वस्तुगत मूल्याङ्कन गरी सवल पक्ष र सुधार गर्नुपर्ने क्षेत्रहरू स्पष्ट रूपमा उजागर गरेको छ । परीक्षणबाट के देखिन्छ भने केही सकारात्मक अभ्यासहरू भए तापनि गाउँपालिका-विशेष लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण प्रक्रिया, GRB कोडिङ, समावेशी पूर्वाधार, सुरक्षासम्बन्धी आचारसंहिता तथा सूचना प्रणाली अझै पर्याप्त रूपमा संस्थागत हुन बाँकी रहेको छ ।

### सुझाव

सिद्ध कुमाख गाउँपालिकामा सम्पन्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त नतिजा, अङ्कभार, सवल पक्ष तथा सुधार गर्नुपर्ने क्षेत्रहरूको विश्लेषणका आधारमा समावेशी, उत्तरदायी तथा दिगो स्थानीय शासन प्रणाली सुदृढ गर्न निम्न सुझावहरू प्रस्तुत गरिन्छन्।

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा समावेशी विकाससम्बन्धी राष्ट्रिय नीतिहरूको मर्मअनुसार नीति, कानुन, योजना तथा कार्यक्रम तर्जुमा प्रक्रियामा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, ज्येष्ठ नागरिक तथा अन्य सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्दछ।
- लक्षित वर्गको वास्तविक आवश्यकता, प्राथमिकता र अधिकारका आधारमा समावेशी योजना तथा उत्तरदायी बजेट तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।
- लैङ्गिक, सामाजिक, अपाङ्गता तथा अन्य समावेशीकरणसम्बन्धी तथ्याङ्कको नियमित सङ्कलन, व्यवस्थापन, विश्लेषण, अभिलेखीकरण तथा अद्यावधिक गर्ने संस्थागत प्रणाली विकास गर्नुपर्दछ।
- बालविवाह, छुवाछूत, लैङ्गिक हिंसा, घरेलु हिंसा, विभेद तथा अन्य सामाजिक कुरीति र कुसंस्कारविरुद्ध निरन्तर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्दछ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सम्पूर्ण चरणहरूमा महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा अन्य जोखिमयुक्त समुदायको समान तथा प्रभावकारी सहभागिता सुनिश्चित गर्नुपर्दछ।
- स्वरोजगार, उद्यमशीलता विकास, आयआर्जनका अवसर सिर्जना तथा कृषि उत्पादनको बजार व्यवस्थापनलाई प्राथमिकता दिई आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणलाई नियमित रूपमा सञ्चालन गरी प्राप्त नतिजाका आधारमा सुधारात्मक कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्नुपर्दछ।
- सूचना प्रवाह प्रणालीलाई थप प्रभावकारी बनाउँदै लैससाससम्बन्धी नीति, कानुन, कार्यविधि, प्रतिवेदन तथा निर्णयहरू सार्वजनिक गरी गाउँपालिकाको वेबसाइट तथा डिजिटल माध्यममार्फत नियमित रूपमा अद्यावधिक गर्नुपर्दछ।
- लैससास प्रवर्द्धनका लागि प्रत्येक आर्थिक वर्षमा पर्याप्त तथा लक्षित बजेट विनियोजन गरी कार्यान्वयन तथा अनुगमन प्रणालीलाई सुदृढ गर्नुपर्दछ।
- वार्षिक कार्ययोजनाको नियमित समीक्षा गरी सम्पन्न हुन नसकेका कार्यक्रमहरूको कारण विश्लेषण गरेर आवश्यक कार्यक्रमलाई आगामी वर्षमा निरन्तरता दिनुपर्दछ।
- जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूलाई लैङ्गिक समानता, सामाजिक समावेशीकरण, अपाङ्गता अधिकार तथा मानव अधिकारसम्बन्धी नियमित अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्दछ।
- कार्ययोजना कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कनका लागि स्पष्ट जिम्मेवारीसहित सम्बन्धित शाखा, समिति वा पदाधिकारी तोक्नुपर्दछ।
- लैससाससम्बन्धी छुट्टै नीति, रणनीति तथा कानुनी व्यवस्था निर्माण गरी GESI Desk स्थापना तथा GESI कार्यान्वयन समिति गठन गरी प्रभावकारी रूपमा परिचालन गर्नुपर्दछ।
- दिगो विकास लक्ष्य (SDGs) विशेषगरी लक्ष्य नं. ५ (लैङ्गिक समानता), लक्ष्य नं. १० (असमानता न्यूनीकरण) तथा लक्ष्य नं. १६ (उत्तरदायी संस्थाहरू) लाई स्थानीयकरण गरी सोअनुरूप बजेट तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा तथा विभेदका घटनाहरू न्यूनीकरण गर्न रोकथाम, संरक्षण तथा प्रतिकारसम्बन्धी कार्यक्रम सञ्चालन गरी हिंसामुक्त वडा तथा गाउँपालिका घोषणा गर्ने तयारी गर्नुपर्दछ।
- गाउँपालिका विशेष लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) परीक्षण कार्यविधि विकास गरी सूचकहरूलाई स्थानीय सन्दर्भअनुकूल तथा परिणाममुखी बनाउनुपर्दछ।
- योजना, बजेट, कार्यान्वयन तथा प्रतिवेदन प्रणालीमा Gender Responsive Budgeting (GRB) कोडिङलाई अनिवार्य रूपमा लागू गरी लैङ्गिक उत्तरदायी बजेट व्यवस्थापनलाई संस्थागत गर्नुपर्दछ।
- PSEAH (Protection from Sexual Exploitation, Abuse and Harassment) तथा बाल संरक्षणसम्बन्धी आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ तथा कार्यालय र सेवा केन्द्रहरूमा स्पष्ट रूपमा प्रदर्शन गर्नुपर्दछ।
- सार्वजनिक भवन, पूर्वाधार तथा सेवा प्रवाह प्रणालीलाई महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, LGBTIQ+ समुदाय तथा अन्य संवेदनशील समूहका लागि पहुँचयोग्य र समावेशी बनाउन आवश्यक मापदण्ड अपनाउनु पर्दछ।

- सरसफाइ, सुरक्षित खानेपानी, स्वास्थ्य तथा आधारभूत सेवा प्रवाह सुधारलाई प्राथमिकतामा राखी लक्षित समुदायमैत्री कार्यक्रम सञ्चालन गर्नुपर्दछ।
- लैङ्गिक समानता, अपाङ्गता अधिकार तथा सामाजिक समावेशीकरणसम्बन्धी सूचना, अधिकार तथा सेवाका विषयमा सामाजिक सञ्जाल, स्थानीय एफएम, सामुदायिक सञ्चार माध्यम तथा जनप्रतिनिधि मार्फत प्रभावकारी जनचेतना अभिवृद्धि गर्नुपर्दछ।

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण स्थानीय सुशासन, सामाजिक न्याय तथा दिगो विकासका आधारभूत पक्षहरू हुन्। प्रस्तुत सुझावहरूको प्रभावकारी कार्यान्वयनबाट सिद्ध कुमाख गाउँपालिकाले समावेशी, उत्तरदायी, न्यायपूर्ण तथा दिगो विकासको लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गर्न सकिन्छ।

## ५. समग्र अवलोकन तथा प्रमुख सन्देश

यस लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणले सिद्धकुमाख गाउँपालिकामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी केही सकारात्मक अभ्यासहरू विद्यमान रहेको देखाए तापनि ती अभ्यासहरूलाई थप व्यवस्थित, संस्थागत तथा परिणाममुखी बनाउनुपर्ने आवश्यकता स्पष्ट रूपमा उजागर गरेको छ। परीक्षणका क्रममा गाउँपालिकाको नीति, संरचना, प्रणाली, सेवा प्रवाह तथा व्यवहारमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवस्थाको वस्तुगत विश्लेषण गर्दा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणप्रतिको प्रतिबद्धता भए पनि ती नीतिहरूलाई व्यवहारमा उतार्ने स्पष्ट प्रक्रिया, कार्यविधि, जिम्मेवारी निर्धारण तथा क्षमता विकासबीच अपेक्षित समन्वय कायम हुन नसकेको देखिएको छ। यसले गाउँपालिकामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण कार्यान्वयन अझै पनि प्रणालीगत रूपमा संस्थागत नभई केही हदसम्म परियोजनागत वा व्यक्तिनिर्भर अवस्थामै रहेको संकेत गर्दछ।

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको क्रममा पहिचान गरिएका सुधारका क्षेत्रहरू विशेषगरी गाउँपालिका विशेष लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधिको अभाव, Gender Responsive Budgeting (GRB) कोडिङको अनिवार्य कार्यान्वयन नहुनु, यौन शोषण, दुर्व्यवहार तथा हैरानी निवारण (PSEAH) तथा बाल संरक्षणसम्बन्धी आचारसंहिता पर्याप्त रूपमा संस्थागत नहुनु, सार्वजनिक पूर्वाधारमा LGBTIQ+ तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता अनुसारको समावेशी व्यवस्था कमजोर रहनु, संवेदनशील सेवाका लागि गोप्य तथा सुरक्षित कक्षको अभाव, सरसफाइ तथा सेवा पहुँचको अपर्याप्तता, तथा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसम्बन्धी सूचना र जनचेतना प्रवाह अपेक्षित रूपमा विस्तार हुन नसक्नुबाट स्पष्ट हुन्छ। यद्यपि यी अवस्थाहरूलाई केवल समस्याका रूपमा नभई सुधार र सुदृढीकरणका अवसरका रूपमा लिन सकिने पर्याप्त सम्भावनाहरू पनि परीक्षणले देखाएको छ।

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणका क्रममा देखिएका शून्य (०) वा न्यून (०.५) प्राप्ताङ्कहरू काम नभएको प्रमाण होइनन्, बरु नीति, प्रणाली, क्षमता र उत्तरदायित्व बीचको सम्बन्ध कमजोर भएको

अवस्थालाई सूचित गर्ने संकेतका रूपमा बुझ्नुपर्दछ । ऐन तथा निति नहुनु, नीति भए पनि स्पष्ट कार्यविधि नहुनु, कार्यविधि भए पनि जिम्मेवारी र क्षमता स्पष्ट नहुनु, तथा काम भए पनि त्यसको प्रमाण र अभिलेख व्यवस्थित नहुनुका कारण केही सूचकहरूमा अपेक्षित प्राप्ताङ्क आउन नसकेको अवस्था परीक्षणले स्पष्ट गरेको छ । यसैले प्रस्तुत प्रतिवेदनले कमजोरी मात्र औंल्याएको नभई ती कमजोरीहरू कसरी सुधार गर्न सकिन्छ भन्ने व्यावहारिक र कार्यान्वयन योग्य मार्गहरू पनि पहिचान गरेको छ ।

समग्रमा, यस लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण) परीक्षणले सिद्धकुमाख गाउँपालिकालाई वर्तमान अवस्थाको मूल्याङ्कन सँगै आगामी दिनमा कुन दिशा, गति र प्राथमिकताका साथ अघि बढ्नुपर्ने हो भन्ने स्पष्ट मार्गनिर्देशन प्रदान गरेको छ । प्रतिवेदनमा प्रस्तुत गरिएको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण कार्ययोजना तथा सुधार सम्बन्धी सुझावहरू समयबद्ध, चरणबद्ध र प्रणालीगत रूपमा कार्यान्वयन गर्न सकेमा गाउँपालिकाको नीति, योजना, बजेट तथा सेवा प्रवाह प्रणाली थप समावेशी, उत्तरदायी, पारदर्शी तथा नागरिक-केन्द्रित बन्ने स्पष्ट सम्भावना देखिन्छ । यस आधारमा सिद्धकुमाख गाउँपालिका लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणमैत्री स्थानीय सरकारको रूपमा क्रमशः सुदृढ हुँदै जाने विश्वास लिन सकिन्छ ।

## अनुसुचीहरु

### अनुसूची :- १ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सुचकहरु र प्राप्ताङ्कको वास्तविक अवस्था

नोटः मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक, मध्यम अवस्थालाई ०.५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिनु पर्नेछ । तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अंक पाउने अवस्था र सो को प्रमाणीकरणको आधार राखिएको छ । यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो । समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अंक प्रदान गर्नु पर्नेछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सुचकहरु र प्राप्ताङ्कको वास्तविक अवस्था तलको तालिकामा प्राप्ताङ्क सहित प्रस्तुत गरिएको छ ।

| सि नं | मूल बिषय | सहायक बिषय | अङ्क | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| १ | नीति, कानून, योजना २० | नीति र कानूनमा समावेशिता\ सहभागिता | ८ | १.१.१ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे \नगरेको । | ०-१ | १ |
| २ | | | | १.१.२ | स्थानीय सरकारले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरे/नगरेको । | ०-१ | ० |
| ३ | | | | १.१.३ | स्थानीय सरकारको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरु समावेश भए/नभएको । | ०-१ | ०.५ |
| ४ | | | | १.१.४ | स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु छन् / छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको)। | ०-१ | ०.५ |
| ५ | | | | १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेको समुदाय अर्थात् लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न **पर्याप्त** प्रावधान व्यवस्था गरिएको छ / छैन ? | ०-१ | १ |
| ६ | | | | १.१.६ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिँसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए/ नमिलाएको ? | ०-१ | १ |
| ७ | | | | १.१.७ | महिला र पुरूषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहे । नरहेको<br>(समुदायको प्रचलन विभेदकारी भए नभएको) ? | ०-१ | ०.५ |
| ८ | | | | १.१.८ | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे / नरहेको ? | ०-१ | ० |
| ९ | | योजना तर्जुमा | ८ | १.२.१ | आवधिक योजना र वार्षिक योजना तथा कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश गरिएको छ / छैन ? | ०-१ | ०.५ |
| १० | | | | १.२.२ | गाउँपालिका /नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका, तथा बञ्चितीकरणमा परेको समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे / नगरेको? | ०-१ | ० |
| ११ | | | | १.२.३ | स्थानीय सरकारको योजना सूची लक्षित समूहहरूको सक्रीय सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेका योजना प्राथमिकीकरणमा पर्ने गरे / नगरेको (योजना तर्जुमा गर्दा गाउँ, वस्तीस्तरबाट आएका योजना कार्यकमहरुलाई समेटे नसमेटेको परीक्षण) ? | ०-१ | १ |
| १२ | | | | १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समूहहरूको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भए / नभएको ? | ०-१ | ० |
| १३ | | | | १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरू को छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए/नगरिएको (तयारी प्रतिवेदन) ? | ०-१ | ०.५ |
| १४ | | | | १.२.६ | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे / नगरेको ? | ०-१ | ०.५ |
| १५ | | | | १.२.७ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्नेगरी बने / नबनेको | ०-१ | १ |
| १६ | | | | १.२.८ | स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भए। नभएको र मुख्य कार्यकारी पदमध्ये कुनै एकमा जिम्मेवारी दिए / नदिएको ? | ०-१ | १ |
| १७ | | बजेट तर्जुमा तथा | ४ | १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका अपाङ्ग जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या केलाउने (विश्लेषण) गर्ने गरिए/नगरिएको ? | ०-१ | ०.५ |

| सि नं | मूल बिषय | सहायक बिषय | अङ्क | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| १८ | | | | १.३.२ | स्थानीय सरकारका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण  नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिए/ नगरिएको ? | ०-१ | १ |
| १९ | | | | १.३.३ | परिक्षण पश्चात  लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वियनका लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरिए/नगरिएको ? | ०-१ | ०.५ |
| २० | | | | १.३.४ | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितका कार्यक्रममा समयैमा खर्च गरिए/नगरिएको ? (बजेट तथा कार्यकमबीच भिडान) | ०-१ | ०.५ |

| सि नं | मूल बिषय | सहायक बिषय | अङ्क | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| २१ | संस्थागत व्यवस्था १० | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | २.१.१ | स्थानीय सरकारको निर्णायक तहमा (कर्मचारी।पदाधिकारी) महिलाहरूको समानरुपमा ( ५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको  छ/छैन ? | ०-१ | ०.५ |
| २२ | | | | २.१.२ | स्थानीय सरकारका कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरूको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिइएको छ/छैन ? | ०-१ | ०.५ |
| २३ | | | | २.१.३ | स्थानीय सरकारले महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्दा सम्वन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको/नगरेको ? | ०-१ | ० |
| २४ | | | | २.१.४ | जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुने गरी र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक विभेदको नीति लिएको/नलिएको | ०-१ | ०.५ |
| २५ | | कार्यप्रणाली समावेशी | ४ | २.२.१ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ/छैन ? | ०-१ | ०.५ |
| २६ | | | | २.२.२ | स्थानीय सरकारमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छा।छैन ? (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिए/नगरिएको) | ०-१ | ०.५ |
| २७ | | | | २.२.३ | स्थानीय सरकारबाट  कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ/छैन ? | ०-१ | ०.५ |
| २८ | | | | २.२.४ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र यस समितिले वडा तहमा योजाना सम्वन्धी छलफल समावेशी भए नभएको अनुगमन गरे/नगरेको ? | ०-१ | ०.५ |
| २९ | | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | २.३.१ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहे/ नरहेको ? | ०-१ | १ |
| ३० | | | | २.३.२ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरूले छलफल तथा निर्णय निर्माणमा स्वस्थ ढंगले भागलिन पाए/नपाएको ? | ०-१ | ०.५ |
| ३१ | | | | २.३.३ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्वन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे/नगरेको ? | ०-१ | ०.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३२ | | | | २.३.४ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वियन हुने गरे/नगरेको ? | ०-१ | ०.५ |
| ३३ | | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | २.४.१ | स्थानीय तहमा महिला विकास, लैङ्गिक हिँसा बिरूद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि लागि बार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुट्टै कोष स्थापना गरिएको/ नगरिएको ? | ०-१ | ०.५ |
| ३४ | | | | २.४.२ | के आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि वजेटको व्यवस्था भएको छ ? उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | ०-१ | १ |
| ३५ | | | | २.४.३ | के स्थानीय सरकारमा लैङ्गिक डेस्कको विकासको र आवश्यक मानवीय श्रोतहरु लागि वजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | ०-१ | ० |
| ३६ | | | | २.४.४ | स्थानीय सरकारले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे/नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्वन्धी सूचना दिने वा नदिने गरेको । | ०-१ | ० |
| ३७ | | तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन | ४ | २.५.१ | के स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डिकृत सूचना।तथ्याँक संकलन तथा अध्यावधिक गर्ने गरेको छ ? (लिङ्ग, उमेर, जात, र आर्थिक स्थिति आदि) (गाऊं।नगर प्रोफाईल ) | ०-१ | ० |
| ३८ | | | | २.५.२ | स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना । तथ्याँक संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरेको /नगरेको (गाऊं/नगर प्रोफाईल) | ०-१ | ०.५ |
| ३९ | | | | २.५.३ | के स्थानीय सरकारले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको छ ? | ०-१ | ०.५ |
| ४० | | | | २.५.४ | स्थानीय सरकारले आफ्नो क्षेत्रका सामाजिक सुरक्षा पाउनेहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याँक अध्यावधिक गर्ने गरे /नगरेको ? | ०-१ | १ |

| सि नं | मूल बिषय | सहायक बिषय | अङ्क | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| ४१ | मानव संसाधन तथा क्षमता विकास २० | मानव संसाधन तथा क्षमता विकास | ८ | ३.१.१ | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे नगरेको र छुट्टै शिर्षकमा बजेट विनियोजन भए । नभएको र यस्तो रकम खर्च गर्ने कार्यविधि स्वीकृत भइ कार्यान्वयनमा आए/नआएको ? | ०-१ | ०.५ |
| ४२ | | | | ३.१.२ | स्थानीय सरकारका पदाधिकारी।कमर्चारीहरूले लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंशा सम्बन्धी तालिम लिएका छन् वा छैनन् र तालिम कार्यकममा लक्षित समूह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता गरिएको थियो/ थिएन ? | ०-१ | ०.५ |
| ४३ | | | | ३.१.३ | तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ/छैन ? | ०-१ | ०.५ |
| ४४ | | | | ३.१.४ | महिला तथा लक्षित समुहका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राबिधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) छन/छैनन् ? सो अनुसारको वजेट विनियोजन गरिएको छ/छैन ? | ०-१ | १ |
| ४५ | | | | ३.१.५ | के स्थानीय सरकारमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? (विषयगत तालिम प्राप्त जनशक्ति संख्या) | ०-१ | ०.५ |
| ४६ | | | | ३.१.६ | के स्थानीय सरकारमा मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइको व्यवस्था छ ? | ०-१ | ०.५ |
| ४७ | | | | ३.१.७ | महिला र वन्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे नरहेको र कार्यान्वयन भए /नभएको (संचालित तालिम कार्यकम संख्या र उपस्थिति) | ०-१ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४८ | | | | ३.१.८ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्वटा प्रतिवद्दताहरूका बारेमा स्थानीय सरकारका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण गरिएकोछ ? (कार्यकम संख्या र उपस्थिति) | ०-१ | १ |
| ४९ | | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार | ४ | ३.२.१ | महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गरेको छ ? (कार्यकम संख्या र उपस्थिति) | ०-१ | ०.५ |
| ५० | | | | ३.२.२ | लैङ्गिक हिँसारहित गाऊ/नगरपालिका घोषणा गरेको छ ? (घोषणा गरेको मिति) र महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ ? (घटेका घटना संख्या र लिइएका निर्णय) | ०-१ | ० |
| ५१ | | | | ३.२.३ | स्थानीय सरकारले महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू संचालन गर्ने गरेको छ ? (कार्यकम संख्या र उपस्थिति तथा निर्णय पुस्तिका) | ०-१ | ० |
| ५२ | | | | ३.२.४ | के स्थानीय सरकारले समाजमा रहेका विभिन्न कुसंस्कार जस्तै (जातिगत छुवाछुत, छाउपडी, बाल विवाह, बहु विवाह, दाइजो, आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरू संचालन गर्ने गरेको छ ? (कार्यकम संख्या र उपस्थिति) | ०-१ | १ |
| ५३ | | कानूनी साक्षरता | ४ | ३.३.१ | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरू र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, बिषयगत कानूनहरू, पालिकाले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनहरूको बारेमा अभिमुखीकरण गर्ने गरे । नगरेको ? | ०-१ | ०.५ |
| ५४ | | | | ३.३.२ | स्थानीय तहका कार्यपालिका सदस्यहरू, सभाका सदस्यहरू र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरूलाई कानूनको मस्यौदा तर्जुमा सम्वन्धी प्रक्रिया र समाधान गर्नु पर्ने मूल समस्या तथा सवाल लगायत मुख्य बिषयवस्तुका सम्वन्धमा समय समयमा अभिमुखीकरण गर्ने गरे/नगरेको ? | ०-१ | ० |
| ५५ | | | | ३.३.३ | के महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालित भएका छन ? (जस्तैः कानूनी हक अधिकार, एकल महिला, र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिँसा बिरूद्धका कार्यक्रम आदिबारे अनुशिक्षण) | ०-१ | १ |
| ५६ | | | | ३.३.४ | महिलाहरूको लागि संचालित कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालनबाट के उनीहरु लाभान्वित भएका छन् ? (जस्तैः कानूनी हक अधिकार, एकल महिला, चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिँसा बिरूद्धका कार्यक्रम आदिबारे अनुशिक्षण र यसको असर ) | ०-१ | ०.५ |
| ५७ | | विपद व्यवस्थापनमा समावेशिता | ४ | ३.४.१ | स्थानीय सरकारले विपद व्यवस्थापन सम्वन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदायसँग परामर्स गरे। नगरेको र यस्ता दस्ताबेजमा सिमान्तीकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान रहे/नरहेको ? | ०-१ | ०.५ |
| ५८ | | | | ३.४.२ | स्थानीयस्तरको विपद सम्वन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरे/नगरेको ? | ०-१ | १ |
| ५९ | | | | ३.४.३ | समुदायमा आधारित विपद व्यवस्थापन सम्वन्धी कार्यगर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरूलाई पहिलो प्राथमिकतामा राखी गर्ने गरे/नगरेको ? | ०-१ | ०.५ |
| ६० | | | | ३.४.४ | विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरे/नगरेको ? | ०-१ | १ |

| सि नं | मूल बिषय | सहायक बिषय | अङ्क | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६१ | | | ४ | ४.१.१ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजायन, लगत अनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैङ्गिक, बाल र अपाङ्ग मैत्री / संबेदनशील संरचनाको प्रावधान सहित हुने गरे/नगरेको ? | ०-१ | ०.५ |
| ६२ | | | | ४.१.२ | स्थानीय तहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्वन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको छ/छैन ? | ०-१ | ०.५ |
| ६३ | सेवा प्रवाह २० | पूर्वाधार विकास | | ४.१.३ | स्थानीय तहले १५०० वर्गफिटभन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्वन्धी नक्सा स्वीकृत गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गर्न निर्देशन दिने गरिएको छ/छैन ? | ०-१ | ० |
| ६४ | | | | ४.१.४ | स्थानीय तहले महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई लक्षित गरी परंपरागत तथा आधुनिक उर्जा (जन विद्युत, विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरू रहे/नरहेको ? | ०-१ | ० |
| ६५ | | प्रजनन् स्वास्थ्य | ४ | ४.२.१ | गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरी बार्षिक नीति र कार्यक्रममा प्रजनन् स्वास्थ्य सम्वन्धी नीति र कार्यक्रम समावेश भए/नभएको ? | ०-१ | ० |
| ६६ | | | | ४.२.२ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिकस्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था र सो को व्यवस्थापन गरिएको छ/छैन ? | ०-१ | ०.५ |
| ६७ | | | | ४.२.३ | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रम लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू संचालन गरिएका छन् ? | ०-१ | १ |
| ६८ | | | | ४.२.४ | महिला, गरिब, निमुखा र बञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए/नभएको ? | ०-१ | १ |
| ६९ | | | ४ | ४.३.१ | स्थानीय तहले आफ्नो पालिका भित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाए/नमिलाएको ? | ०-१ | ०.५ |
| ७० | | शिक्षा कार्यक्रम | | ४.३.२ | स्थानीय तहले आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा वञ्चितिकरणमा परेका समूदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक र शैक्षिक सामाग्री तथा पोसाक उपलब्ध गराउन छात्रबृत्तिको व्यवस्था गरी निश्पक्ष वितरण हुने प्रवन्ध मिलाए/नमिलाएको ? | ०-१ | ०.५ |
| ७१ | | | | ४.३.३ | निरक्षर महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालित भए/ नभएका ? (जस्तैः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरू, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि ) (कार्यकम संख्या र पटक तथा सहभागी संख्या) | ०-१ | ०.५ |
| ७२ | | | | ४.३.४ | विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किशोरी छात्राको लागी प्याड र यौन शिक्षा तथा सहजीकरण कार्यक्रम संचालन हुने गरे/नगरेको ? | ०-१ | ०.५ |
| ७३ | | खानेपानी तथा सरसफाइ | ४ | ४.४.१ | गाउँपालिका/नगरपालिकामा सफा पिउने पानी, सफासँग हात धुने व्यवस्था, महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था, र स्यानीटाइजरको उपयोग गर्ने प्रवन्ध भए/नभएको ? | ०-१ | १ |
| ७४ | | | | ४.४.२ | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रीय सहभागितामा वडा वडामा खुला दिसामुख्त पालिका, घरघरमा शौचालय, डाँडा र गौंडामा पोखरी, टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ? | ०-१ | १ |
| ७५ | | | | ४.४.३ | कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसा बाली तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरूषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबुद्धि कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ? | ०-१ | ०.५ |
| ७६ | | | | ४.४.४ | महिलाहरू बढीमात्रामा संलग्न हुने कार्यमा सफापानीको सहज व्यवस्थाका लागि स्थानीय महिलाहरुको सक्रीय सहभागितामा आकासेपानी संकलन र भण्डारण, परंपरागत इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिङ कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ? | ०-१ | ०.५ |
| **सि नं** | **मूल बिषय** | **सहायक बिषय** | **अङ्क** | **सूचक नं** | **सूचक** | **सूचकको अङ्क** | **प्राप्ताङ्क** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७७ | | स्वरोजगार तथा आय आर्जन र व्यवस्थापन | ४ | ४.५.१ | स्थानीय सरकारकोयोजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिईमहिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने र बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ/छैन ? | ०-१ | ०.५ |
| ७८ | | | | ४.५.२ | स्थानीय सरकारले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा बञ्चितिकरणमा परेको समुदायको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरे/नगरेको ? (कार्यकम संख्या र उपस्थिति) | ०-१ | १ |
| ७९ | | | | ४.५.३ | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक तयार गर्ने गरे/नगरेको ? (मनोनयन, नियुक्ति वा गठन र तालिम सम्बन्धी सुचकाँक) | ०-१ | १ |
| ८० | | | | ४.५.४ | गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए/नभएको ? | ०-१ | ० |
| ८१ | सुशासन तथा उत्तरदायित्व २० | सुशासन | ४ | ५.१.१ | स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका बिषयमा कार्यपालिका तथा सभाबाट नीति, कानून जारी गरी सोही कानून बमोजिम सम्बन्धित अधिकारीबाट निर्णय गरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कामकाज हुने गरेको ? | ०-१ | १ |
| ८२ | | | | ५.१.२ | स्थानीय तहले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकार जस्ता नीति कार्यान्वयनमा ल्याए/नल्याएको ? | ०-१ | ०.५ |
| ८३ | | | | ५.१.३ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको छ ? (कार्यकम संख्या र उपस्थिति) | ०-१ | ० |
| ८४ | | | | ५.१.४ | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू समयैमा सम्पन्न गरेको छ ? | ०-१ | ० |
| ८५ | | उत्तरदायित्व र जवाफदेहिता | ४ | ५.२.१ | स्थानीय सरकारले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे/नगरेको ? | ०-१ | ०.५ |
| ८६ | | | | ५.२.२ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बन्चितिकरणमा परेका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे/नगरेको ? | ०-१ | ०.५ |
| ८७ | | | | ५.२.३ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बन्चितिकरणमा परेका व्यक्ति तथा समुदायको तर्फबाट स्थानीय सरकारले लिएको नीति तथा कार्यकम र सो को कार्यान्वयका विषयमा आवाज उठ्ने गरे। नगरेको र यसरी उठेका प्रश्न उपर स्थानीय सरकारबाट सम्बोधन हुने गरे/नगरेको ? | ०-१ | ०.५ |
| ८८ | | | | ५.२.४ | स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए/नल्याएको ? | ०-१ | ०.५ |
| ८९ | | सूचना तथा संचार | ४ | ५.३.१ | स्थानीय सरकारले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे /नगरेको र महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिक गरे/नगरेको ? | ०-१ | ०.५ |
| ९० | | | | ५.३.२ | स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे/ नगरेको ? | ०-१ | ०.५ |
| ९१ | | | | ५.३.३ | के स्थानीय सरकारले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ? | ०-१ | १ |
| ९२ | | | | ५.३.४ | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग) अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा तथा संचारसम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि भएको छ ? (आधार तथ्याँकसँग समेत तुलना गर्न सकिने) | ०-१ | ० |
| ९३ | | अनु... गम | ४ | ५. | के कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्वन्धित समुदायले पूरा लाभ लिन सकेको छ? | ०-१ | ०.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९४ | | | | ५.४.२ | के स्थानीय सरकारले संचालन गरेका कार्यकमको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? | ०-१ | ० |
| ९५ | | | | ५.४.३ | के स्थानीय सरकारको समीक्षा बैठकमा महिला, बालबालिका, सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग) अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने गरेका छ ? | ०-१ | ० |
| ९६ | | | | ५.४.४ | के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | ०-१ | ० |
| ९७ | | समन्वय र सम्बन्ध बिस्तार | ४ | ५.५.१ | स्थानीय तहले संघ र प्रदेश सरकारहरूले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वियनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरे/नगरेको ? | ०-१ | १ |
| ९८ | | | | ५.५.२ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जाल बनी कार्यगत छलफल तथा यस क्षेत्रको विकासको लागि नियमितरुपमा कार्य हुने गरे/नगरेको ? | ०-१ | ०.५ |
| ९९ | | | | ५.५.३ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने गरे /नगरेको ? | ०-१ | १ |
| १०० | | | | ५.५.४ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वियनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरूद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने गरे/नगरेको ? | ०-१ | ०.५ |

**अनुसूची :- २ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा सहभागीहरुको उपस्थिति**

आज मिति २०८२ साल जेष्ठ ०२ गतेका दिन सिद्ध कुमाख गाउँपालिका महिला तथा बालबालिका शाखाको आयोजनामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण (GESI Audit) कार्यक्रम सिद्ध कुमाख गाउँपालिकाका अध्यक्ष श्री भरत गिरी ज्यू को अध्यक्षतामा तथा तपसिल बमोजिमको उपस्थितिमा गाउँपालिकाको सभा हलमा संचालन तथा सु-सम्पन्न गरियो ।

तपसिल :-

- श्री भरत गिरी - गा.पा. अध्यक्ष
- श्री राम बहादुर बस्नेत - " उपाध्यक्ष
- श्री प्रतिमा बली (खड्का) - नि. प्रमुख प्रशासकीय अधिकृत
- श्री रमेश घमाउने - वडा. वडा अध्यक्ष
- श्री मेक बहादुर कुंवायोकी - २ " "
- श्री जिवराज बोहरा - ३ " "
- श्री खर्कवीर रोका - ४ " "
- श्री चुडामणी रेग्मी - ५ " "
- श्री केशर परियार - कार्यपालिका सदस्य
- श्री आशा परियार - " "
- श्री बुद्धी कवर - " "
- श्री सुरेन्द्र प्रसाद यादव - स्वास्थ्य संयोजक
- श्री सुरज पौडेल - कृषि शाखा प्रमुख
- श्री बलराम ढाकाल - पशु " "
- श्री रामचन्द्र रेग्मी - प्रशिक्षक
- श्री विशाल आचार्य - प्रशिक्षक
- श्री रविन्द्र बहादुर थापा - लेखा शाखा प्रमुख
- श्री रामलाल कुंवायोकी - वडा सदस्य
- श्री समीला चौधरी - योजना शाखा प्रमुख
- श्री सुवास कुंवायोकी - पंजिकरण शाखा प्रमुख
- श्री गोविन्द घमाउने - ग्राम विकास शाखा प्रमुख
- श्री तुल्सा कवर - पोषण सहजकर्ता
- श्री सुनिता गिरी - सामाजिक परिचालक
- श्री खगेन्द्र बहादुर शाही - तीरखोर प्र.वी. प्रमुख
- श्री कृष्ण बहादुर बुढा - कल्याणकारी अपाङ्ग संघ प्रतिनिधी

श्री सन्तोष गिरी —
श्री निर्मला खत्री - अ.वि.नि.
श्री चन्द्रा देवकोटा - " "
श्री राम कुमार गिरी - नगर प्रहरी प्रमुख
श्री देवा पुन
श्री जित बहादुर चलाउने - सवारी चालक
श्री हिमा कुमारी रेश्मे - की.वि.
श्री कृष्ण प्रसाद अर्याल - वडा सचिव
श्री कृष्ण बहादुर चलाउने - " " "
श्री सितला कुमारी रोकाया - ३ " " "
श्री भीमराम रावल - प्राविधिक
श्री नर बहादुर वली - रोजगार सहायक
श्री रामकुमार डाँगी - रोजगार संयोजक
श्री पारस चन्द - जे.स्वा.अ
श्री पुष्पा बोहरा - की.वि.
श्री मदन बुढाथोकी - प्रशासकीय अधिकृत
श्री कमल चन्द - वरिष्ठ प्रमाणन सहायक

## अनुसूची ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा सहभागीहरुको फोटोहरु






GEDSI Audit Program Banner.








सहभागितामा प्रस्तुतिकरण शैली र समुह अभ्यास मार्फत अंक प्रदान

# धन्यवाद